# प्रभाव दैनिक

National Daily






वर्ष १२ | अंक २९५ | काठमाडौं | सोमबार, ११ फागुन २०८२ | Prabhab National Daily | Monday, 23 February 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# चुनाव हुनेमा संशय कायमै

- निर्वाचन बिथोल्ने प्रयास भएको भन्दै प्रधानन्त्री सुशीला कार्की र कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको चिन्ता
- राजसंस्था र हिन्दूराष्ट्रको मुद्दा टुंग्याएर निर्वाचनमा जान पूर्वराजा ज्ञानेन्द्र शाहको दबाब
- ज्ञानेन्द्रको अभिव्यक्तिमा समर्थन जनाउँदै राप्रपाद्वारा निर्वाचन स्थगनको माग
- दुर्गा प्रसाईं समूहदेखि नेकपा बहुमत निर्वाचन बहिस्कारमा
- रौतहटमा धार्मिक सद्भाव बिथोल्नेगरी तनाव
- रास्वपा कार्यकर्ताहरु निर्वाचन सुरक्षामा चुनौती थप्नेगरी अराजक र उदण्ड बन्दै



■ जेबी योञ्जन

**काठमाडौं–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन बिथोल्ने प्रयास भइरहेको भन्दै गम्भीर चिन्ता प्रकट गरेका छन्। उनका अनुसार केही कुण्ठित व्यक्तिहरू निश्चित उद्देश्य पूरा गर्ने प्रयोजनार्थ निर्वाचन बिथोल्ने प्रयासमा छन्। तर, त्यस्तो प्रयास सफल नहुने उनले दाबी गरे।

'केही कुण्ठित व्यक्तिहरूले निश्चित उद्देश्य पूरा गर्ने प्रायोजनका लागि नचाहिने हल्लाहरू गर्न सक्छन्, उनीहरूको निश्चित उद्देश्य पूरा गर्ने प्रायोजनका लागि अब नेपाली जनता साक्षी बस्न सक्दैनन्,' उनले आइतबार गोरखापत्र संस्थानले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै भने, 'अब निर्वाचनको वातावरण बिथोलिने वातावरण बन्दैन। जसरी पनि निर्वाचन सम्पन्न हुन्छ।'

प्रधानमन्त्री सुशीला कार्कीले केही शक्तिले निर्वाचन बिथोल्न खोजिरहेको भन्दै शनिबार लुम्बिनी पुगेर चिन्ता प्रकट गरेकी थिइन्। त्यसको भोलिपल्टै निर्वाचन गर्ने संवैधानिक निकायका कार्यवाहक प्रमुख भण्डारीले त्यस्तै चिन्ता प्रकट गर्नुले निर्वाचन अझै पनि अनिश्चयको घेरामा रहेको देखाउँछ। निर्वाचनको मिति भने आउन १० दिन बाँकी छ। अर्थात् यही २१ फागुनमा चुनाव तय भएको छ।

यद्यपि, सरकारकै तहबाट निर्वाचन हुनेमा संशय प्रकट हुनुले निर्वाचनको वातावरण बिग्रिँदै गएको संकेत गरेको छ। जेन-जी विद्रोहअघि सत्ताको नेतृत्व गरेको दल नेकपा एमालेका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले निर्वाचन होस् भनेको तर हुने वातावरण नभएको आइतबार पनि बताए।

चुनाव क्षेत्र झापामा रहेका ओलीले पत्रकार हरूसँग भने, 'हामी चुनावका लागि तयारीमै छौं। तर, छाँट हेर्दा होला जस्तो छैन।'

ओलीले निर्वाचन हुनेमा आशंका प्रकट गर्दा देशमा व्यवस्था उल्टाउने भनेर जमर्को गरिरहेको दुर्गा प्रसाईंले नेतृत्व गरेको एउटा समूहले आइतबार काठमाडौंमा मोटरसाइकल ऱ्याली निकाल्दै देशले निर्वाचन नभई राजसंस्था र हिन्दूराष्ट्र खोजेको जनायो। प्रसाईंको रिहाको पनि माग गरेको थियो।

राजेन्द्र लिङ्देनले नेतृत्व गरेको राप्रपाले ८ फागुनदेखि राजसंस्था र हिन्दूराष्ट्रको मुद्दामा समझदारी गरेर मात्रै निर्वाचनमा जानुपर्ने माग उठाउन थालेको छ। निर्वाचन अभियानमा रहेको दलले आकस्मिक रूपमा यस्तो माग उठाउनुले निर्वाचनको वातावरण बिथोलिँदै गएको देखिएको छ।

राप्रपाले यस्तो सर्त सार्नुभन्दा पहिले पूर्वराजा ज्ञानेन्द्र शाहको यही ७ फागुनमा निर्वाचनलाई स्थगन गर्नुपर्ने आशयको सनसनीपूर्ण अभिव्यक्ति सार्वजनिक भएको थियो। प्रजातन्त्र दिवसको सन्दर्भ पारेर सार्वजनिक अभिव्यक्तिले पनि कतै निर्वाचन भाँडिने त होइन ? शंका उब्जाएकै छ।

उनले भनेका थिए, 'प्रजातान्त्रिक व्यवस्थामा प्रतिनिधि छान्नु स्वाभाविक प्रक्रिया भए पनि यतिखेरको आम जनभावना यो छ कि राष्ट्रिय समस्या समाधान गरेरमात्रै निर्वाचनमा जानु उचित हुने छ। मुलुकमा निर्वाचनपछि कुनै खिचातानी नहोस् भन्न समझदारी बनाएर जाँदा सही बाटो हुने थियो।' निर्वाचन बिथोल्न नेकपा संयुक्त, दुर्गा प्रसाईं समूहलगायत खुलेरै लागेका छन्।


क्रमशः पृष्ठ २ मा


# सरकार र दल दुवैलाई निर्वाचन बिथोलिने डर



हामी अब चुनाव होस् भन्ने पक्षमै छौं। चुनाव स्थगित हुन पनि सक्छ अहिले पनि। हुन्छ भनेर पनि धेरै प्रयास भइराखेका छन्। हुन्छ भने होस् जेसुकै होस्, तर हामी नअलमलिकन चुनावको तयारीमा लाग्छौं।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



निर्वाचन समयमा हुन नदिन विभिन्न तत्त्वहरु लागिरहेका छन्। भयरहित वातावरणमा मतदान गर्न पाउने जनताको अधिकार हो। यसमा दायाँबायाँ गर्ने छुट सरकारलाई छैन

**देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस



निर्वाचनको विकल्प निर्वाचन नै हो। यसलाई बिथोल्ने काम कसैबाट नहोस्। तोकिएको मितिमा तोकिएको समयमा फागुन २१ गते बिहान ७ बजेबाट बेलुका ५ बजेसम्म मतदानको समय छ। निर्वाचन बिथोल्न प्रयास नगरियोस्।

**रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख आयुक्त, निर्वाचन आयोग



सबै खाले परिस्थितिलाई काबुमा राखेका छौं र निर्वाचन सम्पन्न गर्ने सम्पूर्ण प्रक्रिया पनि पूरा गरिसकेका छौं। त्यसैले चुनाव नहुने भन्ने आशंका या भय कसैले पनि पाल्नु हुँदैन।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभा सदस्यको निर्वाचन आउन अब १० दिनमात्र बाँकी छ। मतदानको दिन नजिकिँदै गर्दा निर्वाचन सामग्री जिल्ला जिल्ला पुग्ने क्रम सुरु भइसकेको छ।

यद्यपि, प्रमुख दल र नेताहरू भने निर्वाचन बिथोलिने भयमा अझै देखिएका छन्। आइतबार नेपाली कांग्रेसले पत्रकार सम्मेलन गर्दै सरकारले भयरहित ढंगमा मतदान गर्न पाउने वातावरण तयार गर्नुपर्ने बतायो। 'निर्वाचन समयमा हुन नदिन विभिन्न तत्त्वहरू लागिरहेका छन्। भयरहित वातावरणमा मतदान गर्न पाउने जनताको अधिकार हो। यसमा दायाँबायाँ गर्ने छुट सरकारलाई छैन,' सानेपामा आइतबार आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता चालिसेले भने।

प्रवक्ता चालिसेले सामाजिक विद्वेष फैलाउने, घृणायुक्त अभिव्यक्ति दिने कुरा कुनै पनि पार्टीले गर्न नहुने बताए। पार्टीका झण्डा जलाउनेदेखि द्वेष फैलाउने विषयको निन्दासमेत उनले गरे। 'कसैको पनि आस्थामा चोट पुऱ्याउने अभिव्यक्ति, व्यक्तिगत निन्दा र पार्टीको झण्डा जलाउने गतिविधिलाई नेपाली कांग्रेस निन्दनीय कार्य हो भन्ने ठान्दछ। यस्तो कार्यहरू तत्काल बन्द गरिनु पर्दछ,' चालिसेले भने।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्नो दलको झण्डा जलाएर निर्वाचन भाँड्न खोजेको आरोप लगाए। चुनावी अभियानका क्रममा गृहजिल्ला झापा पुगेका ओलीले आइतबार जुनसुकै बेला निर्वाचत स्थगित हुन सक्ने दाबीसमेत अघि सारे। 'हामी अब चुनाव होस् भन्ने पक्षमै छौं। चुनाव स्थगित हुन पनि सक्छ अहिले पनि। हुन्छ भनेर पनि धेरै प्रयास भइराखेका छन्। हुन्छ भने होस् जेसुकै होस्, तर हामी नअलमलिकन चुनावको तयारीमा लाग्छौं,' ओलीले भने।

यस्तो अवस्थामा सरकार आफैं निर्वाचन रोक्न लागेको आरोपसमेत लगाए। 'देशको खर्च नहुनु पर्थ्यो अर्बौं खर्च त भइ नै सक्यो। उम्मेदवारको खर्च नहुनु पर्थ्यो भइ नै सक्यो,' चुनावी अभियानका क्रममा गृहजिल्ला झापा पुगेका ओलीले भने, 'यत्रो चुनावी प्रहरी। डेढ लाखको निर्वाचन प्रहरी खटिसक्यो। त्यसमा खर्च भइसक्यो। अब कार्य क्षेत्रमा खटाइसक्यो। सबै कुरा भइसक्यो। निर्वाचन अब हुनु राम्रो हुन्छ।'

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने हल्लाको पछि नलाग्न आग्रह गरेका छन्। फागुन २१ गते तोकिएकै समयमा निर्वाचन हुने उल्लेख गर्दै भण्डारीले निर्वाचन बिथोल्ने प्रयास नहोस् भनी चेतावनीसमेत दिएका छन्। 'निर्वाचनको विकल्प निर्वाचन नै हो। यसलाई बिथोल्ने काम कसैबाट नहोस्। तोकिएको मितिमा तोकिएको समयमा फागुन २१ गते बिहान ७ बजेबाट बेलुका ५ बजेसम्म मतदानको समय छ। निर्वाचन बिथोल्न प्रयास नगरियोस्,' भण्डारीले चेतावनी दिए।

उम्मेदवारदेखि सबै दल निर्वाचन क्षेत्रमा पुगिसकेकोले धमिलो पानीमा माछा मार्ने काम कसैबाट नगर्नसमेत भण्डारीले चेतावनी दिए।


क्रमशः पृष्ठ २ मा


**सन्दर्भ: वैदेशिक रोजगार**

# 'दोस्रो जापान–नेपाल रोजगार सम्मेलन' भोलि टोकियोमा हुँदै

## रोजगारीका अवसर र कामदारको सुरक्षाको विषयमा छलफल हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'दोस्रो जापान-नेपाल रोजगार सम्मेलन, २०२६' मा रोजगारीका अवसर र कामदारको सुरक्षाको विषयमा छलफल हुने भएको छ। जापानको राजधानी टोकियोमा भोलि (मंगलबार) आयोजना हुने सम्मेलनमा उक्त विषयमा छलफल हुने जनाइएको छ।

कार्यक्रममा सहभागी हुन नेपालबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्ले र एक जना सहसचिव गत शुक्रबार नै जापान प्रस्थान गरिसकेको मन्त्रालयले जानकारी दिएको छ। उक्त सम्मेलनमा भाग लिन ५० भन्दा बढी म्यानपावर व्यवसायीसमेत सहभागी हुँदै छन्।

जापानको महानगरीय औद्योगिक व्यापार केन्द्रले हामामात्सुचो-कानमा आयोजना गरिने कार्यक्रमले दुई देशबीचको रोजगार सहकार्यलाई व्यवस्थित बनाउने जनाइएको छ। आयोजकका अनुसार कार्यक्रममा रोजगारीका अवसर, कानुनी प्रक्रिया, आवश्यक कागजात, सामाजिक सुरक्षा, तलब सुविधाजस्ता विषयमा छलफल गरिने छ। कार्यक्रममा नेपालबाट म्यानपावर व्यवसायी, तालिम केन्द्र, रोजगारदातालगायत सहभागी हुने छन्। सो कार्यक्रमलाई जापानका न्यायमन्त्री हिरोशी हिरागुचीले उद्घाटन गर्ने तय भएको छ।




*जेमिनाइको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर*

कार्यक्रममा सहभागी हुन नेपाल वैदेशिक रोजगार व्यवसायी संघबाट प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, महासचिव महेशकुमार बस्नेत, कोषाध्यक्ष धनु गुरुङ, सदस्यद्वय रेखा शर्मा र भरत सापकोटा जापान गएका छन्। व्यवसायीको तर्फबाट महासचिव बस्नेतले प्रतिनिधित्व गर्ने संघका सचिव कुन्छादोर्जे डिम्दोङले जानकारी दिए। नेपालीहरूको सुरक्षा र रोजगारीकै विषयमा छलफल केन्द्रित हुने उनले बताए।

यो सम्मेलन जापानमा बसोवास गर्दै रोजगारी खोजिरहेका नेपालीहरूका लागिसमेत महत्त्वपूर्ण हुने बुझिएको छ। उनीहरूले सम्मेलनमार्फत आफ्नो ज्ञान, अवसर र रोजगारदातासँग सम्बन्ध विस्तार गर्न सक्ने भनिएको छ। कार्यक्रम मंगलबार बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म हुने छ। कार्यक्रमअन्तर्गत सेमिनार, परामर्श तथा नेटवर्किङजस्ता सेसनहरू हुने छन् जसका लागि निःशुल्क प्रवेश गर्न पाइने व्यवस्था छ। सम्मेलनमा एक हजारभन्दा बढीको उपस्थिति हुने आयोजकले जनाएको छ।

पछिल्लो समय जापानमा सीपयुक्त, प्राविधिक तथा व्यावसायिक कामदार जाने क्रम बढेको छ। जापानले १९ वटा क्षेत्रमा दक्ष विदेशी कामदार लग्दै आएको छ। जसअन्तर्गत नर्सिङ, व्यवस्थापन, मेसिन पार्ट्स, औद्योगिक मेसिनरी, निर्माण, अटोमोबाइल मर्मतसम्भार, कृषि, मत्स्यपालन, खाद्यपदार्थ उत्पादनलगायतका क्षेत्र रहेका छन्।


क्रमशः पृष्ठ २ मा


# रास्वपाको घण्टी 'आतंक'मा आयोगको रोक

- निर्वाचन प्रचारमा चुनाव चिह्नको भौतिक प्रयोग नगर्न निर्वाचन आयोगको आग्रह
- सुरक्षा जोखिम बढ्ने आयोगको चेतावनी
- झण्डा र प्रिन्ट चिह्नबाट मात्रै प्रचार गर्न अनुरोध

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, उनका दलका अन्य उम्मेदवार र कार्यकर्ताहरूले निर्वाचन प्रचारमा घण्टी बजाउँदै हिँडेको देखिन्छ। घण्टी रास्वपाको चुनाव चिह्न हो।

तर, भौतिकरूपमै चुनाव चिह्न घण्टी बजाउँदै उनीहरू मतदाताहरूलाई चिढ्याउने गरेको देखिन्छन्। कतिसम्म भने प्रतिस्पर्धी दलका चुनावीसभामा पुगेर ती दलहरूका कार्यकर्ताहरूलाई पनि चिढ्याउने काम गरिरहेका छन्।

गएको साता बारामा रास्वपा कार्यकर्ताले रास्वपालाई भोट नदिने बताउने मतदातालाई थर्काउँदै कानमै लगेर घण्टी बजाइदिएका थिए, जुन भिडियो भाइरल भयो। उग्र र असभ्य शैलीमा प्रस्तु भएका उनीहरूले रास्वपालाई भोट दिने वाचा नगरेसम्म घण्टी बजाइरहने भन्दै मतदातालाई चिढ्याउने काम गरेका थिए। यो त प्रतिनिधिमूलक घटनामात्रै हो।


क्रमशः पृष्ठ २ मा


### तीन दिन बिदा दिन आयोगको सिफारिस

निर्वाचन आयोगले निर्वाचनका लागि तीन दिन बिदा दिन सरकारलाई सिफारिस गरेको छ। आइतबार आयोगले फागुन २०, २१ र २२ गते गरी तीन दिन सार्वजनिक बिदा दिन सरकारलाई सिफारिस गरेको हो।

निर्वाचनमा उत्साहजनक सहभागिता बढाउन मतदानको अघिल्लो दिन, मतदानको दिन र भोलिपल्टसमेत गरी तीन दिन सार्वजनिक बिदा दिन नेपाल सरकारलाई सिफारिस गरिएको आयोगका प्रवक्ता एवं सहसचिव नारायणप्रसाद भट्टराईले बताए। फागुन १८ गते सोमबार पहाडी जिल्ला र फागुन १९ गते मंगलबार तराईका जिल्लामा फागु पूर्णिमा अर्थात् होली पर्वको सार्वजनिक बिदा परेको छ।

## पृष्ठ १ बाट क्रमश:

## चुनाव...

तर, पृष्ठभूमिमा राजतन्त्र पक्षधर अन्य शक्तिसँगै बाह्य शक्तिहरू पनि रहेको विश्लेषण भइरहेको छ। यी त भए राजनीतिक शक्तिको आवरणमा निर्वाचन हुन नदिने पक्षहरू । यसबाहेक बढ्दो सुरक्षा चुनौतीले पनि २१ फागुनमा निर्वाचन हुने वातावरण बिग्रँदै गएको देखाएको छ ।

रौतहटमा शुक्रबारदेखि धार्मिक सद्भाव खल्बलिने गरी हिन्दू र मुस्लिम समुदायबीच उत्पन्न विवादपछिको हिंसात्मक तनाव मत्थर भएको छैन। भलै, सर्वदलीय बैठकले धार्मिक सद्भाव र सहिष्णुता कायम गर्नेगरी र्‍याली निकाल्ने भएको छ। निर्वाचनको पूर्वसन्ध्यामा भएको यस्तो गतिविधिले निर्वाचन सुरक्षामा गम्भीर चुनौती खडा गरेको पूर्वप्रहरी नायव महानिरीक्षक हेमन्त मल्ल बताउँछन्। उनको विचारमा संयमता अपनाउँदै बुद्धिमतापूर्वक छिटो समाधान नगरे यसले निर्वाचनको वातावरण बिथोल्छ।

यसबाहेक आफूलाई नयाँ दाबी गर्ने शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ताहरू उदण्ड र अराजक बन्दै गएका छन् । उनीहरूले हालै दाङमा एमालेको झण्डा जलाए। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को चुनाव चिह्न तारा च्यातिदिए। कांग्रेसको चिह्न रुख अंकित झण्डा पनि च्याते । गुल्मी, अछामलगायत देशको ठाउँ-ठाउँमा एमाले, नेकपालगायत दलका चुनावी सभालाई बिथोल्ने प्रयास गरेका छन् । सुनसरीमा कांग्रेस कार्यकर्ताहरूसँग शनिबार झडप नै भयो। प्रहरीले लाठीचार्ज गरेर दुवै पक्षलाई तितरबितर पार्नुपर्‍यो ।

सभापति रवि लामिछानेदेखि उक्त दलबाट भावी प्रधानमन्त्रीका प्रस्तावित उम्मेदवार बालेन्द्र शाहले उत्तेजक भाषण दिएपछि चुनावी सुरक्षामा गम्भीर चुनौती थप्नेगरीका अराजक गतिविधि भइरहेका छन्, जसले निर्वाचन नहुने आशंकालाई बल पुगेको छ ।

■■■

## सरकार...

निर्वाचनमा केही भए यसको वातावरण तयार गर्ने काम सरकारको भएको उनको भनाइ थियो । गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनका लागि नेपाल सरकारले सुरक्षा व्यवस्था मजबुत बनाएकाले निर्धक्क भएर मतदान गर्न आग्रह गरेका छन् । 'निष्पक्ष निर्वाचनका लागि अपरिहार्य मानिएको सुरक्षा व्यवस्था चुस्त र मजबुत बनाएका छौं । सबै मतदातालाई निर्धक्क र ढुक्क भएर शान्तिपूर्ण रूपमा मतदान गर्न आग्रह गर्दछौं,' गृहमन्त्री अर्यालले भने ।

सरकारले निर्वाचन प्रहरी छनोटदेखि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी खटाउने काम गरेको उल्लेख गर्दै गृहमन्त्री अर्यालले एकीकृत सुरक्षा योजना लागू गरेर सुरक्षा संवेदनशीलताका आधारमा देशैभरि सुरक्षा व्यवस्थालाई सुदृढ र सबल बनाइएको बताए ।

मन्त्री अर्यालले फागुन २१ गते निर्वाचन नगर्ने छुट सरकारलाई नरहेको बताए । 'हामीले समयमै निष्पक्ष निर्वाचन गराउने र निर्वाचित सरकारलाई प्रजातान्त्रिक प्रक्रियाबाट सत्ता हस्तान्तरण गर्ने शपथ खाएका छौं । चुनाव सार्ने या सर्ने भन्ने नै हुँदैन,' मन्त्री अर्यालले भने, 'सबै खाले परिस्थितिलाई काबुमा राखेका छौं र निर्वाचन सम्पन्न गर्ने सम्पूर्ण प्रक्रिया पनि पूरा गरिसकेका छौं । त्यसैले चुनाव नहुने भन्ने आशंका या भय कसैले पनि पाल्नु हुँदैन ।'

निर्वाचन सार्ने भाष्य बनाउने र त्यस खालको परिस्थिति निर्माण गर्न खोज्ने प्रवृत्तिलाई मुलुकको राज्य संयन्त्रले निस्तेज पार्ने र जनताको साथ तथा सहयोगका साथ अघि बढ्ने पनि दाबी गृहमन्त्री अर्यालको थियो ।

■■■

## दोस्रो जापान...

यद्यपि, नेपालबाट भने आठवटा क्षेत्रको मात्र सीप परीक्षण गराउने प्रावधानले समस्या भएको व्यवसायीले बताउँदै आएका छन् ।

जापानको रोजगारी आकर्षक भएको र माग पनि राम्रो आइरहे पनि व्यक्तिगत श्रम स्वीकृति लिएर जानेहरूको संख्या नियन्त्रण नहुँदा समस्या देखिएको संघका सचिव डिम्दोङको भनाइ छ । यसका लागि सरकारले आवश्यक कदम चाल्न ढिला गर्न नहुने उनले बताए ।

'जापानको काम त भइरहेको छ तर व्यक्तिगतरूपमा जानेहरू घटेको छैन । गैरव्यवसायीले काम गर्न रोक्नुपर्छ । हामीलाई इजाजत दिएपछि जिम्मेवारी बहन गर्न पनि दिनपर्‍यो नि,' उनले भने, 'नेपाल सरकारले संस्थागतरूपमा पठाउने विषयलाई प्राथमिकतामा नराखेको पाइन्छ । यसबाट बिचौलियाले फाइदा लिइरहेको छ ।'

जापानले सन् २०१९ बाट 'स्पेसिफाइड स्किल्ड वर्कर्स' (एसएसडब्ल्यू) अन्तर्गत कामदार लग्दै आएको छ । यसरी जाने कामदारले महिनामा दुई लाखभन्दा बढी कमाउन सक्छन् । गत आव २०८१/८२ मा २३ हजार ७१ युवा श्रम स्वीकृति लिएर जापान गएका थिए । जसमा एक हजार ५८१ जना म्यानपावर र १७ हजार १६३ जना व्यक्तिगत माध्यमबाट गएका थिए । त्यस्तै २०८०/८१ मा १३ हजार ८६४ जना जापान गएको तथ्यांक छ । जसमा एक हजार २०१ जना संस्थागत र नौ हजार २९९ जना व्यक्तिगत श्रम स्वीकृतिमा गएका थिए ।

■■■

## रास्वपाको...

रास्वपा कार्यकर्ताहरू चुनाव क्षेत्रमा घण्टी बोक्दै हिँडिरहेका छन् । मन्दिरमा बज्नुपर्ने घण्टी दलको चुनावीसभामा बज्नु असान्दर्भिक भन्दै आलोचनासमेत भइरहेको छ ।

यस्तोमा आइतबार निर्वाचन आयोगले निर्वाचन प्रचारप्रसार गर्दा भौतिक स्वरूपका निर्वाचन चिह्न प्रयोग नगर्न राजनीतिक दल तथा उम्मेदवारहरूलाई अनुरोध गरेको छ । विज्ञप्ति जारी गर्दै आयोगले राजनीतिक दल वा उम्मेदवारसँग यस्तो आग्रह गरेको हो ।

कपडा, तुल, फ्लेक्स वा कागजमा छापी वा प्रिन्ट गरी आफ्नो निर्वाचन चिह्न भने प्रयोग गर्न सक्ने आयोगले जनाएको छ । आयोगले तोकेको मापदण्डविपरीत कुनै धातु, काठ वा अन्य त्यस्तै प्रकृतिका सामग्रीबाट बनेको भौतिकस्वरूपका निर्वाचन चिह्न लिएर निर्वाचन प्रचारप्रसार गर्दा सुरक्षा जोखिम बढ्ने आयोगको भनाइ छ ।

आयोगले भनेको छ, 'उल्लिखित सन्दर्भमा प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने राजनीतिक दल वा उम्मेदवारले आमजनमानसको सुरक्षामा असर पर्ने किसिमबाट भौतिक स्वरूपका कुनै धातु, काठ वा अन्य त्यस्तै प्रकृतिका सामग्रीबाट बनेका निर्वाचन चिह्न प्रयोग गरी निर्वाचन प्रचारप्रसार नगर्न तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को खण्ड (ड) मा तोकिएबमोजिमको मापदण्डबमोजिम दलको झण्डा र चुनाव चिह्नको माध्ययबाट मात्र निर्वाचन प्रचारप्रसार गर्न/गराउन र सोकोविपरीत गरेको देखिएमा आचारसंहिता प्रतिकूल हुने व्यहोरा सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ ।' चुनावमा भाग लिने राजनीतिक दल वा उम्मेदवारले यस्ता किसिमका भौतिक स्वरूपका निर्वाचन चिह्न प्रयोग गरी निर्वाचन प्रचारप्रसार गर्दा आमजनमानसमा असर पर्ने आयोगको बुझाइ छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१(१) मा निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिह्न आयोगले निर्धारण गर्ने व्यवस्था रहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा ४३ को उपदफा (१) मा निर्वाचनका लागि दललाई प्रदान गरिने निर्वाचन चिह्न अनुसूची-३० बमोजिम र स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिह्न अनुसूची-३१ बमोजिम हुने छ' भन्ने व्यवस्था छ ।

उल्लिखित ऐन र निर्देशिकाले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने उम्मेदवारलाई प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची-३० र अनुसूची-३१ मा उल्लिखित निर्वाचन चिह्न प्रदान गर्ने र सो बमोजिम निर्वाचन चिह्न पाएका दल वा उम्मेदवारले प्रयोग गर्ने दलको झण्डा र चुनाव चिह्नको मापदण्ड निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को खण्ड (ड) मा व्यवस्था गरेको छ ।


### कर्मचारी हटाईएको तथा नियुक्ती गरिएको सम्बन्धी सूचना

यस **Cosmo International Overseas Pvt. Ltd.** (ई.प.नं.२८०/०५८/०५९) मा रिसेप्सनिस्ट पदमा कार्यरत सोमा राई(ना.प्र.प्र.नं.०३०४९३-२३) लाई आजको मितिबाट यस प्रा.लि.बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ । साथै, सुमन राना मगर (ना.प्र.प्र.नं.५५-०१-७८-०२३४९) लाई सो पदमा नियुक्त गरिएको यसै सूचनामार्फत जानकारी गराइन्छ ।

Govt. License 280/058/059
Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.pn



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८२/०७/१४ मा दर्ता भएको **प्रा. लि. नं. ३७७३३० को सरटेज को प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नियम ७ को उपनियम (२) सँग सम्बन्धित)**

### हर्ब्स प्रशोधन (गुजरगानो र चुत्रोको बोक्राको) प्रशोधन उद्योग सञ्चालन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति: २०८२/११/११)**

सुर्खेत जिल्ला, गुर्भाकोट न.पा.-१०, घूम्खोर कर्णाली प्रदेश, नेपालमा युव्यान बायोटेक्नोलोजी प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

**प्रस्तावकको नाम र ठेगाना**
(क) नाम : युव्यान बायोटेक्नोलोजी प्रा.लि.
(ख) ठेगाना : गुर्भाकोट न.पा.-१० घूम्खोर सुर्खेत जिल्ला कर्णाली प्रदेश, नेपाल
(ग) इमेल : marcussin2011 @gmail.com
(घ) फोन नं : ९८१३४६००२३

**प्रस्तावको व्योहोरा**
हर्ब्स प्रशोधन (गुजरगानो र चुत्रो प्रशोधन) उद्योग सञ्चालन कार्य

**प्रभाव पर्ने वा प्रभाव पर्न सक्ने जिल्ला वा गा.पा.वा न.पा.**
गुर्भाकोट न.पा.-१० घूम्खोर सुर्खेत जिल्ला कर्णाली प्रदेश, नेपाल

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, तथा, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**
**प्रस्तावकको नाम र ठेगाना**
क) नाम : युव्यान बायोटेक्नोलोजी प्रा.लि.
(ख) ठेगाना : गुर्भाकोट न.पा.-१० घूम्खोर सुर्खेत जिल्ला कर्णाली प्रदेश, नेपाल
(ग) इमेल : marcussin2011 @gmail.com
(घ) फोन नं. : 9813460023

**परामर्शदाताको नाम र ठेगाना**
नाम : एकिकृत सिर्जनशील नेपाल
इमेल : iinepal2072@gmail.com.np
फोन नं. : ९८४४०२९०००



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/११/११ गते**

कम्पनी ऐन, २०६३ बमोजिम प्रा.लि.नं ३३३७९०/०८०/०८१ को साविक **एभरेष्ट एटोर्निज ल एण्ड रिसर्च सेञ्टर प्रा. ली** कम्पनीको नाम परिवर्तन भई अव **उप्रान्त एभरेष्ट एटोर्निज एण्ड एडभाईजरी प्रा.ली.**कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयवाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोहिवमोजिम हुने व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**एभरेष्ट एटोर्निज एण्ड एडभाईजरी प्रा.ली.**
**बुढानिलकण्ठ न.पा, वडा नं-१२, काठमाण्डौं नेपाल**



### मोटरसाइकल हराएको सूचना

मिति २०८२।१०।१८ गते काठमाडौं जिल्ला, गो.न.पा ०६, नयाँबस्ती बन्चेटारचोक नजिक सडक किनारमा पार्किङ गरी राखिएको अवस्थामा निलो रङ्को बजाज कम्पनीको पल्सर २२० सि.सि. मोटरसाइकल अन्दाजी रातको ९:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : याङरीमा बचत तथा ऋण सहकारी संस्था लि.**
**ऋणीको नाम : कृष्ण तामाङ**
**बाइक नं.: बा.प्र. ०२- ०६१ प ५८०४**
**च्यासिस नं.: MD2A13EX8SCE85768**
**इन्जिन नं. : DKXCSD 33436**
**ठेगाना : का.जि.गो.न.पा-०८, बेशिगाउँ, काठमाडौं**
**सम्पर्क नं. ९७०५७७७२४८**


# तनहुँमा मतपत्र आइपुग्यो

**दमौली (तनहुँ)**– यही फागन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा मतपत्र आइपुगेको छ। तनहुँका दुवै क्षेत्रको प्रत्यक्ष र समानुपातिकतर्फको मतपत्र शनिबार आइपुगेको हो ।

तनहुँ क्षेत्र नं १ को मतपत्र दमौलीस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं २ को मतपत्र दुलेगौंडास्थित निर्वाचन अधिकृतको कार्यालयमा राखिएको जिल्ला निर्वाचन कार्यालय तनहुँका प्रमुख विकास लम्सालले जानकारी दिए।

क्षेत्र नं १ प्रत्यक्षतर्फ एक लाख ३६ हजार र समानुपातिकतर्फ एक लाख ४२ हजार मतपत्र आएको छ। क्षेत्र नं २ प्रत्यक्षतर्फ एक लाख ३७ हजार र समानुपातिकतर्फ पनि एक लाख ३७ हजार मतपत्र आइपुगेको निर्वाचन अधिकारी लम्सालले बताए । निर्वाचनका लागि आवश्यक पर्ने अन्य सामग्री पनि व्यवस्थापनको काम सकिएको छ । निर्वाचनका लागि खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृत नियुक्ति भई अब तालिम सञ्चालन गर्न लागिएको छ।

लम्सालका अनुसार क्षेत्र नं १ का कर्मचारीका लागि फागुन ११ र क्षेत्र नं २ का कर्मचारीका लागि फागुन १२ गते तालिम सञ्चालन हुनेछ। निर्वाचनका लागि तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता छन्। त्यसमध्ये पुरुषको संख्या एक लाख २३ हजार ४९१ र महिलाको संख्या एक लाख ३० हजार ९०६ जना रहेको लम्सालले बताए।

दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको यहाँ तनहुं क्षेत्र नं १ तर्फ एक लाख २६ हजार ८८२ र क्षेत्र नं २ तर्फ एक लाख २७ हजार ५१५ मतदाता कायम भएका छन्। क्षेत्र नं १ मा पुरुषको संख्या ६१ हजार ७७८ र महिलाको संख्या ६५ हजार १०४ रहेको छ । क्षेत्र नं २ मा पुरुषको संख्या ६१ हजार ७१३ र महिलाको संख्या ६५ हजार ८०० दुई रहेको छ।

क्षेत्र नं १ तर्फ व्यास नगरपालिका, भानु नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका र देवघाट गाउँपालिका पर्दछ। क्षेत्र नं २ तर्फ शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका, घिरिङ गाउँपालिका र व्यास नगरपालिकाको वडा नं ५ र ६ पर्दछ।


### साउदीमा रोजगार

कम्पनी : MAKULAT ALARUBA COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१० | LT. No. 339289 | चलानी नं.६०२५२८०१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ३८,७९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १८ गते (2nd Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1559/079/80
FEWA OVERSEAS PVT. LTD
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530, 9808655324, 9844024322
9813432386, 9827644060, 9825201309 Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np



### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

सूचना प्रकाशित मिति: २०८२/११/११

**श्री रियेन्द्र भट्टकी** छोरी **श्री ठान बहादुर थपलियाकी** छोराबुहारी, **श्री बुद्धि बहादुर थपलियाकी** पत्नी **गण्डकी प्रदेश, तनहुँ** जिल्ला **आँबुखैरेनी गाउँपालिका** वडा नं. **३** बस्ने **माया देवी** भन्ने **श्रीमती मायादेवी थपलियाले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३००६८५** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०५/२०** मा निज खातावाला **श्रीमती मायादेवी थपलियाको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने श्री **सन्तोष बहादुर थपलिया**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती मायादेवी थपलियाको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३



## घोडाघोडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सुखड, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### वोलपत्र स्वीकृत आशयको सूचना

**(प्रकाशित मिति २०८२/११/११)**

यस घोडाघोडी नगरपालिका नगरकार्यपालिका कार्यालयको आ.व. २०८२/०८३ अन्तर्गत तपशिल बमोजिमका कार्यका लागि प्रकाशित सूचना अनुसार अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखीन आएका निम्न वमोजिमका बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को (२) तथा ऐ.ऐ. नियमावली २०६४ को नियम ५४ (क) बमोजिम सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि. नं. | आयोजनाको नाम | ठेक्का नं. | बोलपत्रदाताहरूको नाम | कबोल अंक |
|---|---|---|---|---|
| 1 | Dhunga,Gitti ra Baluwa ko Bikri Sulka Sankalan Karya (Kandra Nadi) | IREV/GMUN /02/082/083 | J.B.-Shristhan JV-pahalmanpur-01,kailali | 1,99,44,500 ।- |

**प्रमुख प्रशासकिय अधिकृत**



༧༡| |ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གྲོང་སྡེ་ཁུལ་གྱི་ཀ།
## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### आर्थिक प्रस्ताव सम्बन्धि सूचना

**Date of publication: 2082-11-11 (23rd Feb ,2026)**

यस कार्यालयबाट मिति २०८२/०९/२५ गते प्रभाव दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान को सुचना अनुसार एए:इ को Web Portal www.bolpatra.gov.np/egp मार्फत रितपुर्वक दर्ता भएका बोलपत्रदाताहरूको प्राबिधिक प्रस्ताव मूल्याङकन गर्दा तपशिलका बोलपत्रदाताहरूको प्राबिधिक प्रस्ताब सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले, सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ को प्रयोजनार्थ सम्पुर्ण सरोकारवालाहरूको जनकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताहरूको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|
| १ | 21/NCB/WORKS/ ROAD/ KPLRM/ 2082-83 | Upgradation of Ngim Dorje Sherpa Paryatan Road From (CH-0+00 to-CH-02+040) | Nefa/Rikot JV | २०८२ फागुन १८ १:०० बजे (2nd March 2026 13:00 hrs) |
| | | | Kalimata Construction Company Pvt.Ltd Kathmandu- 06, Nepal | |

**Chief Administrative Officer**

# कार्यपालिकाका पदाधिकारी निर्वाचन प्रचारप्रसारमा सहभागी हुन नहुने

**काठमाडौं (प्रस)**– निर्वाचन आयोगले निर्वाचन आचारसंहिता प्रतिकूल हुनेगरी स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारमा सहभागी नहुन अनुरोध गरेको छ ।

आयोगले आइतबार विज्ञप्ति जारी स्थानीय तहका केही जनप्रतिनिधि निर्वाचन आचारसंहिताविपरीत हुनेगरी राजनीतिक दल तथा उम्मेदवारको प्रचारप्रसारमा सहभागी भएको भनी उजुरी तथा गुनासो प्राप्त भएको जनाउँदै गम्भीर ध्यानाकर्षण गराएको छ । साथै, निर्वाचन आचारसंहिताको पूर्ण परिपालनाको विषयमा जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत, निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तथा निर्वाचन कार्यालयबाट आवश्यक अनुगमन गर्नका लागि अनुरोध पनि गरेको छ ।

निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आयोगले निर्वाचन आचारसंहिता, २०८२ लागू गरेको विषय विदितै छ । उक्त आचारसंहिताको पूर्णपालना गर्नु सरोकारवाला पक्षहरूको दायित्व हो र सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षले निर्वाचन आचारसंहिताको पूर्णपालनाको विषयमा आयोगले अनुगमन गरिरहेको छ ।

निर्वाचन आचारसंहिताको दफा ५ को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशको बुँदा नम्बर (४) मा 'स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहबाहेक अन्य स्थानीय तहमा सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्ने छ' भन्ने व्यवस्था रहेको र सोही दफाको खण्ड (ख) ले त्यसरी निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुँदा सरकारी स्रोत र साधनको प्रयोग गर्न नहुने भन्ने व्यवस्था गरेको हुँदा कुनै पनि स्थानीय कार्यपालिकाका पदाधिकारीले यस व्यवस्थाको अधीनमा रही मात्र निर्वाचन प्रचारप्रसारमा सहभागी हुन सक्ने देखिन्छ ।

साथै, सबै स्थानीय तहका जनप्रतिनिधिलाई आफ्नो पदको मर्यादा, तटस्थता तथा कानुनी दायित्वलाई मनन गर्दै आचारसंहिताविपरीत हुने कुनै पनि प्रकारको निर्वाचन प्रचारप्रसार गतिविधिमा संलग्न नहुन आयोग निर्देशन पनि दिएको छ । 'कुनै स्थानीय कार्यपालिकाका पदाधिकारीले निर्वाचन आचारसंहिता, २०८२ प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार गतिविधिमा सामेल भएको पाइएमा ऐ. आचारसंहिताको दफा ४८ बमोजिम कारबाही हुने ब्यहोरा अवगत गराइन्छ,' विज्ञप्तिमा भनिएको छ ।

# निर्वाचन विरोधी गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याइने

**काठमाडौं (प्रस)**– गृह मन्त्रालयले निर्वाचन विरोधी गतिविधि गर्ने र शान्ति व्यवस्थामा असर पुऱ्याउनेलाई कानुनी दायरामा ल्याउने स्पष्ट पारेको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षता, गृहसचिव राजकुमार श्रेष्ठको सहभागिता तथा सुरक्षा निकायका प्रमुख र गृह मन्त्रालयका कर्मचारीको उपस्थितिमा आइतबार बसेको बैठकले दैनिकरूपमा शान्ति सुरक्षा, निर्वाचन तथा समसामयिक चुनौतीको विश्लेषण गरेको हो ।

विभिन्न जिल्लामा निर्वाचन विरोधी गतिविधि गर्ने, प्रचारप्रसारमा राजनीतिक दल तथा व्यक्तिका विरुद्ध लान्छना लगाउने, टायर बाल्ने, राँके जुलुस निकाल्ने, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिमा आगजनी तथा तोडफोड गर्ने तथा अन्य हिंसात्मक क्रियाकलाप गरी शान्ति सुव्यवस्था तथा वातावरणमा गम्भीर असर पुऱ्याउनेलगायतका घटनाका सम्बन्धमा गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । साथै, उल्लिखित कार्य कानुनद्वारा वर्जित र दण्डनीय भएकाले यस्तो गर्ने जो कोहीलाई कानुनी कारबाहीको दायरामा ल्याइने मन्त्रालयले स्पष्ट पारेको छ ।

यसैबीच काठमाडौंको गोकर्णेश्वर नगरपालिका-३ सुन्ताखान बालुवास्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको तारेभिर जंगलमा लागेको वन डढेलो नियन्त्रणमा सिम्रिक एयरले निःशुल्क सहयोग गरेको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७५/०६/०२ मा दर्ता भएको प्रा.लि.नं. १९८९४० को **फेन्सी फाइवर पेपर ब्याग प्रोडक्ट एण्ड सप्लायर्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कुवेतमा रोजगार**
कम्पनी : ECOFLO GENERAL BUILDING CLEANING SERVICES COMPANY शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८२/११/१० चलानी नं.: ६०२५२७६० LT.No.: 339357

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Indoor) | 10 | 10 | सम्बन्धित काममा दक्ष | 100 | ४७,५६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | DRIVER LIGHT | 5 | 0 | | 140 | ६६,५८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १८ गते (2 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



**UAE मा रोजगार** THAMEL RESTAURANT, UAE पुन:बिज्ञापन
पुर्व स्विकृति मितिः 2081.05.09 चलानी नं. ६०२२४१३१ LT No. 309457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 03 | 1300 | 51508 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्योर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्योर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्योर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्योर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०८२ फागुन १८ गते (2 March 2026) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क
Email: info@tulsiintl.com

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५


नेपाल सरकार
सहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
**नयाँ शहर आयोजना कार्यालय, चौरजहारी, रुकुम (पश्चिम भाग)**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२/११/११**

यस कार्यालयबाट मिति २०८२/०५/०६ गते प्रभाव दैनिक र www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तोकिएको समयभित्र E-bidding मार्फत रीतपूर्वक दर्ता भएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही भएको तपशिलका निर्माण कार्यको बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी छनौट भएको हुँदा सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (१) र (२) र बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

**तपशिल**

| क्र.स. | ठेक्का न. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायिको नाम, ठेगाना | कबोल अंक (पी.एस.र मु.अ.क.वाहेक) |
|---|---|---|---|---|
| १. | NTPO/Chaurjahari/ Works/NCB-02-082/83 | Construction of infrastructure like as (a.) Chaurjahari Municipality ward-3, Bhanaure Landfill site & jaharikhola road upgrading works Third Phase (b.) Agriculture Product Collection Centre Building finishing,Truss & land Development works at chaurjahari municipality ward-2, 3 | श्री भुवनेश्वरी निर्माण सेवारमहादेब आयुश निर्माण सेवा जे. भि, बुढानिलकन्ठ-१०, काठमाडौं (BNS/MNS J.V) | २,२८,७७,००४.६० |

**आयोजना प्रमुख**

## Road Division, Mahendranagar, Kanchanpur

## Invitation for Bids

**Notice No:IFB/RDMNR/082/83-08**

**Date of First Publication: February 22nd, 2026 (2082/11/10)**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division, Mahendranagar, Kanchanpur invites Open Competitive electronic bids (Single Stage Single Envelope Tender) from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Name of work | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Estimate amount Including (VAT&PS) |
|---|---|---|---|---|---|
| 1 | RDMNR/ 337310113/ 082/83-32 | Post Monsoon (Emergency Maintenance) of NH 66-003 of Attariya to Faltude (Ch 14+000 to 26+700), Kailali | 2,40,000 | 3000 | 97,39,864.17 |
| 2 | RDMNR/ 337310113/ 082/83-33 | Post Monsoon (Emergency Maintenance) of Mahendra Highway (Bauniya-Sukhad Chauraha section) | 3,30,000 | 3000 | 13,634,888.12 |
| 3 | RDMNR/ 337310113/ 082/83-34 | Post Monsoon (Emergency Maintenance) of Mahendra Highway (Junga-Bauniya section) | 3,05,000 | 3000 | 12,569,967.92 |
| 4 | RDMNR/ 337310113/ 082/83-35 | Post Monsoon (Emergency Maintenance) of Mahendra Highway (Sukhad Chauraha-Attariya section) | 4,20,000 | 3000 | 17,517,249.45 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division, Mahendranagar, Kanchanpur or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Division Chief**

**युथ भिजन बचत तथा ऋण सहकारी संस्था लिमिटेड,**
का.म.न.पा. वडा नं. १७ क्षेत्रपाटी, काठमाडौं, फोन नं. ०१-५३६३९५५

## कर्जा चुक्ता भुक्तान गर्न आव्हान गरिएको ३५ दिने सूचना

**(प्रकाशित मिति २०८२/११/११ गते)**

यस युथ भिजन बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाईले कर्जा लिँदाको बखत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा शर्त बन्देजहरू उलंघन गरेकोले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रूपमा सूचना गरी ताकेता गरेको र सो गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ताको लागि आव्हान गरिएको छ। उल्लेखित मिति भित्र पनि तिर्न बुझाउनु पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन, २०७४ सहकारी नियामावली, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम ऋण सुरक्षण वापत दिएको धित्तो लिलाम बिक्री गरी असूल उपर गरिनेछ। लिलाम प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी सदस्य र घरपरिवारका नाममा रहेको अन्य चल-अचल सम्पत्तिबाट प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्योहोरा समेत सम्बन्धित ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| ऋणीको नाम/ठेगाना | धित्तोमा रहेको अचल सम्पत्ति | जमानीकर्ताको विवरण |
|---|---|---|
| नाम : सोनाम लामा<br>बुवाको नाम : पल्कु लामा<br>बाजेको नामः सेते लामा<br>ठेगाना : बसामाडी-६,मकवानपुर<br>ना.प्र.नं. : २७/५९५,<br>जारी मिति : २०५४/११/०५,<br>जारी गर्ने कार्यालय : जि.प्र.का. मकवानपुर | मकवानपुर जिल्ला हेटौडा उप.म.न.पा.३ (साविक बसामाडी-६) स्थित कित्ता नं. २००७ को क्षेत्रफल ०-०-१० धुर र कित्ता नं.२००९ को क्षेत्रफल ०-०-१० धुर | नाम : रिता लामा<br>बुवाको नाम : शेर बहादुर बुलोन<br>बाजेको नाम : लाल बहादुर बुलोन<br>ठेगाना : बसामाडी-६ मकवानपुर<br>ना.प्र.नं.३११०२२/५५०५०<br>जारी मिति : २०६५/०९/०१<br>जारी गर्ने कार्यालय : जि.प्र.का. मकवानपुर |

## धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२।११।११**

यस सहकारी संस्थाबाट ऋण लिनु भएका तपसिलका ऋणी सदस्यले ऋण लिँदाको शर्त तथा भाखा बमोजिम तिर्नु पर्ने साँवा, ब्याज र हर्जाना रकम समयमा नतिरी पटक पटक लिखित एवं मौखिक ताकेता गर्दा तथा पत्रिकाहरूमा ३५ दिने तथा १५ दिने सूचनाहरू प्रकाशन गरी तरताकेता गर्दा तथा प्रथम पटक मिति २०८२।१०।०४ गते धितोमा रहेको अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरी ताकेता गर्दा समेत उल्लेखित समयावधि भित्र कर्जा तिर्न बुझाउन नआउनु भएकोले यो दोस्रो पटक सूचना प्रकाशन गरिएको छ । अतःयस दोस्रो पटक प्रकाशित सूचना बमोजिम १५ दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण रकम तिर्न बुझाउन आउनु भनी ऋणी तथा धनजमानी कर्ता समेतलाई पुनःअनुरोध गरिएको छ। अन्यथा यस सूचना प्रकाशित भएको मितिले १६औं दिनमा संस्था सँग ऋण लिँदा गरेको लिखित सम्झौता, सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५, काठमाडौं महानगरपालिका सहकारी ऐन २०७४ को दफा ५८, संस्थाको विनियम, निति तथा प्रचलित कानुन बमोजिम यस संस्थाको नाममा धितो रोक्का कायम रहेको तपसिलमा उल्लेखित घरजग्गा यस संस्थाको मुख्य कार्यालय रहेको काठमाडौं जिल्ला, का.म.न.पा वडा नं.२२, वटु, स्थित कार्यालयमा मिति २०८२ फाल्गुन २६ गते दिउँसो २:०० बजे लिलाम बिक्री गरी यस सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरिने भएकोले तपसिल बमोजिमका घर/जग्गा यथा स्थितिमा लिलाम बढाबढ गर्न मिति २०८२ फाल्गुन २६ गते बिहान ११:०० बजे भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आउनुहुन इच्छुक सर्वसाधारण/फर्मलाई र सम्बन्धित ऋणी तथा जमानी कर्ता एवं सम्पत्ति धितो बन्धक लेखिदिने सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। ऋणीको धितो लिलाम बिक्री गर्दा समेत संस्थाको लेना रकमको साँवा ब्याज, हर्जाना र विविध खर्च असुल नभए ऋणीको अन्य सम्पत्ति तथा ऋणीका एकाघर परिवारका सदस्यहरूको नाममा रहेका भएका चलअचल सम्पत्तिबाट समेत असुलउपर गरि लिने र ऋणी तथा जमानीकर्तालाई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न लेखी पठाइने व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराइन्छ । धितो लिलाम बिक्रीगर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा बिक्री भयो वा संस्था आफैंले सकार गरी लियो भनी कहीँ कतै उजुरबाजुर गर्न पाइने छैन। यस सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा शिलबन्दी बोलपत्र खरिद र दर्ता गर्न सकिनेछ। लिलाम हुने दिन बिदा परेमा सो पछि कार्यालय खुल्ने दिनमा लिलाम हुनेछ। लिलाम सदर वा बदर गर्ने सम्पूर्ण अधिकार संस्थालाई हुनेछ । कसैले बोलकबोल नगरेमा सम्बन्धित धितो राखिएको सम्पत्ति यस संस्था आफैंले सकार गर्ने व्यहोरा समेत यसै सूचनाबाट सूचित गरिन्छ। धितो लिलाम सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ। न्यूनतम कबोल अंक बोलपत्र फाराममा उल्लेख गरिएको छ। साथै धितो निरीक्षण सम्बन्धी जानकारी तथा अन्य थप जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ।

**तपसिल**

| ऋणीको तिनपुस्ते नाम तथा ठेगाना : | जमानी दिनेको तिनपुस्ते नाम तथा ठेगाना : | धितोको विवरण |
|---|---|---|
| **नाम : बाबुलाल रोक्का**<br>बाबु : सुकदेव रोक्का<br>बाजे : डोल बहादुर रोक्का<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष, वडा नं.४ (हाल नीलकण्ठ न.पा. वडा नं.१२),<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६-२२९४६, धादिङ २०५४/१०/०७ | **नम : कमला रोक्का**<br>बाबु : मानबहादुर नेपाली<br>बाजे : दलबहादुर नेपाली<br>स्थायी ठेगाना : धादिङ जिल्ला, सांकोष गा.वि.स, वडा नं.४,<br>अस्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं.१६, ठमेल<br>ना.प्र.नं.२६३०२८/१४३, धादिङ, २०६३/१०/२५ | धादिङ **जिल्ला, सांकोष गा.पा.(हाल** नीलकण्ठ न.पा. वडा नं.१२) वडा नं./**नक्सा सिट नं.**३/३ (ख), कित्ता नं.१०८, क्षेत्रफल १०-४-२-३ (५,२३६.४४ व.मि.) |

**Saving & Credit Co-operative Ltd.**
Om Surya
**ॐ सूर्य बचत तथा ऋण सहकारी संस्था लि.**
वटु, न्यूरोड, का.म.न.पा.–२२ काठमाडौं, फो.नं.५३२०२४३

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निर्वाचनको माहोल बिग्रन नदेऊ

निर्वाचन नजिकिँदै गर्दा विभिन्न क्षेत्रमा समुदायबीच द्वेषपूर्ण घटना दोहोरिन थालेको छ । रौतहटमा हिन्दू-मुस्लिमबीच भएको दंगा शान्ति नहुँदै यस्तै किसिमको घटना आइतबार साँझ पर्साको वीरगञ्जमा भएको छ । वीरगञ्जको श्रीपुरमा हिन्दू र मुस्लिम समुदायबीच भएको विवाद साम्य पार्न प्रहरीले लाठीचार्ज गरिएसँगै सेना परिचालन गरिएको छ । रौतहटको गौरमा दंगा शान्त पार्न कर्फ्यु नै लगाउनुपरेको थियो ।

निर्वाचन भाँड्ने विभिन्न तत्त्वसमेत सक्रिय भएको भन्दै दलहरूसमेत चिन्तित सुनिएका छन् । दलहरूको झण्डा जलाइदिने, नयाँ र पुरानाको नाममा आपसी सद्भाव बिथोलिनेगरी दलका कार्यकर्ता प्रस्तुत हुनेजस्ता घटना दोहोरिएका छन् । घरदैलोको क्रममा कार्यकर्ताबीच झडप हुने घटना सामान्य हुन थालेका छन् । यी घटनाहरू निष्पक्ष र भयरहित निर्वाचनका लागि सुखद् विषय हैनन् । केही दिनअघि हिमाली क्षेत्रमा मौसमका कारण चुनाव सार्नुपर्ने चर्चा चलेको थियो । यद्यपि, सरकारले तोकिएकै मितिमा निर्वाचन हुने प्रतिबद्धता जनाएसँगै वातावरण सहज बन्दै गएको थियो । तर मधेसमा बढेको तनावले मतदाता पनि झस्किएका छन् ।

मतदाताहरू कार्यक्षेत्रबाट मतदानस्थल रहेको आफ्नो क्षेत्रमा जाने क्रम सुरु भइसकेको अवस्था छ । निर्वाचनका दिन मतदानका लागि देशभरबाट आफ्नो क्षेत्रमा आउजाउ गर्ने वातावरण नबने धेरै मतदाता बिच्किन सक्छन् । यसो हुँदा मतदानस्थलमा धेरै मतदाता नपुग्न सक्छन् । यसले एक त निर्वाचन सफल नहुन सक्छ, अर्को निर्वाचन भाँड्न सक्रिय तत्त्वहरूको मनोबल बढ्न सक्छ । पछिल्लो हप्ता सरकारले संयमता अपनाएको देखिन्छ । अबका दिनमा अझै पनि संयमता बढाएर सरकारले सुरक्षा बढाउनुपर्छ ।

उम्मेदवारको सुरक्षा, मतदाताको सुरक्षामा कुनै पनि अवस्थामा सरकार चुक्नु हुन्न । सानो घटनाले पनि अहिले भुसको आगोको रूप लिन सक्छ । किनभने पुराना दल अहिलेको अवस्थामा निर्वाचनमा भिड्न त्यति तयार देखिँदैन । जेन-जी विद्रोहपछि आएको बाध्यात्मक परिस्थितिका कारण एमाले, कांग्रेस निर्वाचनमा उत्रिएका हुन् ।

यस्तो अवस्थामा हुने दंगाजस्ता घटनाले यी दलका लागि 'के निहुँ पाउँ, कनिका बुक्याउँ' झैं हुने छ । त्यसैले सरकारले बोलीमा बोलेझैं सबै क्षेत्रमा कडा सुरक्षा व्यवस्था मिलाउनु आजको आवश्यकता हो । यसले फागुन २१ गतेको निर्वाचन भयरहित ढंगमा सम्पन्न गर्न सघाउ पुऱ्याउने छ । अर्कोतर्फ निर्वाचन आयोगले निर्वाचन आचारसंहिताविपरीत दल र तिनका कार्यकताबाट भइरहेका अराजक गतिविधि नियन्त्रणका लागि थप कडाइ गर्न जरुरी छ ।

**श्रम सरोकार**

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# युवा निर्णायक भएको निर्वाचन



शीतलप्रसाद महतो

> पछिल्लो समय मुलुकमा देखिएका युवा केन्द्रित आन्दोलनहरु, स्वतःस्फूर्त प्रदर्शन र सामाजिक सञ्जालमा उठेका बहसहरुले एक नयाँ राजनीतिक ऊर्जा सिर्जना गरेका छन् । तर यो ऊर्जा संस्थागत राजनीतिमा रुपान्तरण हुन सकेको छैन । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभाव पनि हो । युवा नेताहरु दलभित्रै निर्णायक तहमा पुग्न नसक्दा, सक्षम युवा राजनीतिको बाहिर धकेलिएका छन् । यसले युवामा 'दलभित्र छिरेर परिवर्तन सम्भव छैन' भन्ने सोच बलियो बनाएको छ । त्यसैले आसन्न निर्वाचनमा राजनीतिक दलहरुको सबैभन्दा ठूलो परीक्षा युवालाई विश्वस्त पार्नु हो ।

कुनै पनि मुलुकको युवाशक्ति त्यहाँको दिगो आर्थिक विकास र समृद्धिका लागि मेरुदण्ड मानिन्छ । युवा भन्नेबित्तिकै विद्यमान चुनौतीलाई सहजै बहन गर्न सक्ने आँट, जोस, जाँगर, साहस, क्षमता, धैर्यता, सिर्जनशीलता र उच्च आत्मविश्वासका साथ जिम्मेवार भएर मुलुक निर्माणका लागि योगदान दिइरहेको जनशक्तिको छवि आउँछ । जल्दोबल्दो ऊर्जा, सौर्य र शक्तिको प्रतीकका रूपमा रहेका युवा शक्तिसँग समाज र मुलुकको रूपान्तरण गर्न सक्ने क्षमता हुन्छ । तर नेपालका युवा शक्ति राजनीतिक अस्थिरता, रोजगारीका क्षेत्रहरूको सीमितता तथा गुणस्तरीय, सीपमूलक र आत्मनिर्भरमुखी शिक्षाका कमिका कारण अति पीडित छन् । फलस्वरूप समसामयिक राजनीति गहिरो पुनर्संरचनाको चरणमा प्रवेश गरिरहेको संकेत पछिल्ला महिनाहरूमा स्पष्ट देखिन्छ ।

सडक आन्दोलन, सामाजिक सञ्जालमा व्यापक बहस र राज्यप्रतिको खुला असन्तुष्टिले वर्तमान राजनीतिक संरचनामाथि गम्भीर प्रश्न उठेका छन् । विगत चार दशकदेखिको चरम दुःख र यो मुलुकको दिशाहीनतालाई चिर्न जेन-जीले गरेको विद्रोहलाई अहिले चुनावमार्फत सम्बोधन गर्न खोजिँदै छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा युवापुस्ताको भूमिका राजनीतिक बहसको केन्द्रमा छ ।

मुलुकको राजनीतिक दलका लागि सबैभन्दा ठूलो चुनौती नै युवालाई विश्वस्त पार्नु हो । विगतका निर्वाचनमा युवाको सहभागिता अपेक्षाकृत कम रहेको तथ्य स्मरणीय छ । 'सबै दल उस्तै' भन्ने निराशाजन्य सोचका कारण धेरै युवा मतदाता निर्वाचन प्रक्रियाबाट टाढा रहेका थिए । तर गत भदौ २३ र २४ को जेन-जी आन्दोलनले देखाएको चेतना र सक्रियताले अहिले यो धारणामा परिवर्तन हुँदै गएको देखिन्छ । यो आन्दोलनले युवाले अब मौन बस्ने होइन, निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने संकेत दिएका छन् । फलस्वरूप पछिल्लो समय राजनीतिको गति र प्रक्रियामा युवा वर्ग निर्णायक भएका देखिएका छन् । युवाले के चाहन्छन् भन्ने चर्चाविना कुनै पनि बहसले पूर्णता नपाउने स्थिति उत्पन्न भएको छ ।

राजनीतिमा युवाको संलग्नता बढ्नुपर्छ भन्ने आवाज बलियो बन्दै गएको कारण यसअघि दलीय राजनीतिबाट टाढा रहेको ठूलो समूह राजनीतिको केन्द्रमा आइपुगेका छन् । त्यसको प्रभाव दलहरूले दिएको उम्मेदवारीमासमेत परेको छ । उनीहरूले युवा उम्मेदवारलाई प्राथमिकता दिएको पनि देखिन्छ । तर पनि, युवा उमेर समूहको जनसंख्या र उम्मेदवारबीच सन्तुलन कायम हुन सकेको छैन ।

नेपाल सरकारले १६ देखि ४० वर्ष र संयुक्त राष्ट्रसंघले १५ देखि २४ वर्षको जनशक्तिलाई युवा मानेको छ । २०६८ सालको जनगणनाअनुसार नेपालमा कूल जनसंख्याको ४०.३५ प्रतिशत रहेको युवाको हिस्सा २०७८ सालमा बढेर ४२.५६ प्रतिशत पुगेको हो । राष्ट्रिय निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कूल मतदाता एक करोड ८९ लाख तीन हजार ६८९ कायम भएको छ । मतदाताको संख्यामा पनि युवाकै बाहुल्यता देखिन्छ । कूल मतदातामध्ये १८ देखि ४० वर्ष उमेर समूहका मतदाता ५२ प्रतिशत छन् । यद्यपि, युवा १६ वर्षदेखि मानिए पनि संविधानले १८ वर्ष पुगेकालाई मात्र मतदान अधिकार दिएको छ । परिवर्तन र विकासका संवाहक, उन्नतिको आधारशिला तथा मुलुकको दिगो विकास र समृद्धिका प्रमुख स्रोत र साधनसमेत रहेका युवा मतदाताको प्रभावलाई अस्वीकार गर्न सकिँदैन ।

यस वर्षको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ तीन हजार ४०६ जनाले उम्मेदवारी दिएका छन् । तीमध्ये १८ देखि ४० वर्ष उमेर समूहका उम्मेदवार ३१ प्रतिशतमात्र रहेका छन् । त्यस्तै निर्वाचनमा उम्मेदवारी दिएकामध्ये ३६ देखि ५० वर्षको वर्चस्व देखिन्छ । कूल उम्मेदवारमध्ये ४६.२१ प्रतिशत यो उमेर समूहका छन् । त्यस्तै २५ देखि ३५ वर्ष समूहका १६.७३ प्रतिशत, ५१ देखि ६५ वर्ष उमेर समूहका ३१.२९ प्रतिशत र ६५ वर्षभन्दा माथिका ५.७७ प्रतिशत उम्मेदवार छन् ।

जेन-जी आन्दोलनपछि विशेषगरी २५ देखि ३५ वर्ष उमेर समूहका युवा उम्मेदवारको संख्या बढ्ने अपेक्षा गरिएको थियो । तर, त्यस्तो देखिएन । यसबाट प्रमुख राजनीतिक दलहरूमा राजनीतिक स्थान बनाइसकेका नेताहरूले नै उम्मेदवार बन्नका लागि अवसर पाएको देखिन्छ । दलहरूले नयाँ पुस्तालाई उम्मेदवार बनाउन र नयाँ पुस्ता स्वयंले पनि आफैं उम्मेदवार बन्नका लागि पहल नलिएको पनि देखिन्छ ।

समग्रमा, २५ देखि ५० वर्ष उमेर समूहका उम्मेदवारको संख्या करिब ६३ प्रतिशत रहेको छ । यो तथ्यांकलाई उत्साहजनक मानिए पनि तल्लो उमेर समूहको उम्मेदवारी भने खासै हुन सकेको छैन । जेन-जी आन्दोलनको मुख्य मागमध्ये राजनीतिमा पुस्तान्तरण पनि एक थियो । त्यसैले दलहरूले कुन-कुन उमेर समूहका उम्मेदवार उठाए भन्ने सबैको चासोको विषय हो । तर उम्मेदवारको सूची हेर्दा भने पाका उमेरकै उम्मेदवारको बाहुल्य भएको देखिन्छ । विशेषगरी नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) जस्ता मुख्य दलहरूले टिकट वितरण गर्दा पाका उमेरका उम्मेदवारलाई नै प्राथमिकता दिएको निर्वाचन आयोगको तथ्यांकले पुष्टि हुन्छ ।

कांग्रेस, एमाले र नेकपामा ४० वर्षमुनिका उम्मेदवारको उपस्थिति अत्यन्त न्यून रहेको छ । १६५ निर्वाचन क्षेत्रमध्ये कांग्रेसले ४० वर्षमुनिका सात जनालाई मात्रै चुनावी मैदानमा उम्मेदवार बनाएको छ । कांग्रेसबाट उम्मेदवार बनेकामध्ये सबैभन्दा कान्छो ३२ वर्षीय योगेश गौचन थकाली छन् । उनले मुस्ताङबाट प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन् ।

त्यस्तै, काठमाडौं-४ बाट ३३ वर्षीय सचिन तिमल्सेनाले उम्मेदवारी दिएका छन् । कांग्रेसका १६५ उम्मेदवारमध्ये झण्डै एकतिहाइ अर्थात् ५५ जना उम्मेदवार ६० वर्षभन्दा बढी उमेर समूहका छन् । कांग्रेसबाट सबैभन्दा पाका उम्मेदवार ७७ वर्षीय टेकप्रसाद गुरुङ छन् । उनले चितवन-३ बाट उम्मेदवारी दिएका छन् ।

निर्वाचन आयोगका अनुसार कांग्रेसमा ४० देखि ५० वर्ष उमेर समूहका उम्मेदवार ३२ जना रहेका छन् भने ५० देखि ६० वर्ष उमेर समूहका ७१ जना उम्मेदवार रहेका छन् । यसैगरी नेकपा एमालेको अवस्था पनि करिब त्यस्तै रहेको देखिन्छ । एमालेका १६४ उम्मेदवारमध्ये करिब ३३ प्रतिशत अर्थात् ५४ जना ६० वर्षभन्दा माथि उमेर समूहका छन् । एमालेका उम्मेदवारमध्ये सबैभन्दा जेठो उमेरका उम्मेदवार ७८ वर्षीय जालिम मियाँ मन्सुरीले पर्सा-४ बाट उम्मेदवारी दिएका छन् । एमालेमा २७ वर्षीय अमनिशकुमार यादव सबैभन्दा कान्छो उम्मेदवार छन् । उनी सर्लाही-४ बाट उम्मेदवारी दिएका छन् । एमालेको उम्मेदवारी सूचीमा ४० वर्षमुनिका १२ जनामात्रै छन् । त्यस्तै ४० देखि ५० वर्ष उमेर समूहका उम्मेदवार ३२ जना र ५० देखि ६० वर्ष उमेर समूहका उम्मेदवार ६६ जना रहेका छन् ।

यस्तै, नेकपाका १६४ उम्मेदवारमध्ये ४० वर्षमुनिका १३ जनामात्र छन् । सो पार्टीका सबैभन्दा कान्छो उम्मेदवार २७ वर्षीय अजय कुशवाहा बारा-४ बाट उम्मेदवारी दिएका छन् । बाँकी उम्मेदवार ४० वर्षभन्दा माथि उमेर समूहका छन् । नेकपामा ३९ जना उम्मेदवार ६० वर्ष नाघेका छन् । तीमध्ये सर्लाही-२ बाट ८८ वर्षीय महिन्द्रराय यादव सबैभन्दा पाका उम्मेदवार छन् ।

त्यस्तै जसपा नेपालका ९४ उम्मेदवारमध्ये ११ जना ४० वर्षमुनिका छन् भने ४० देखि ५० वर्ष उमेर समूहका ३९ जना र ५० देखि ६० वर्ष उमेर समूहका २७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । जसपामा १७ जना उम्मेदवार ६० वर्षभन्दा माथि उमेर समूहका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहितका नयाँ राजनीतिक दलले युवालाई उल्लेख्य स्थान दिएको छ । रास्वपाका १६३ उम्मेदवारमध्ये झण्डै ४० प्रतिशत अर्थात् ६५ जना उम्मेदवार ४० वर्षमुनिका छन् । तीमध्ये १२ जना उम्मेदवार ३० वर्षभन्दा मुनिका छन् भने ५३ जना ३० देखि ४० वर्ष उमेर समूहका छन् । निर्वाचन आयोगका अनुसार रास्वपाका ५० जना उम्मेदवार ४० देखि ५० वर्ष उमेर समूहका छन् छन् । त्यस्तै ४६ जना उम्मेदवार ५० देखि ६० वर्ष उमेर समूहका छन् । रास्वपामा ६० वर्षमाथि तीन जनामात्रै उम्मेदवार छन् ।

यस्तै उज्यालो नेपाल पार्टीका कूल १०५ उम्मेदवारमध्ये ४० जना ४० वर्षभन्दा कम उमेर समूहका छन् । निर्वाचन आयोगका अनुसार उज्यालो नेपालमा २९ जना उम्मेदवार ४० देखि ५० वर्ष उमेर समूहका छन् भने ५० देखि ६० वर्ष उमेर समूहका २७ जना उम्मेदवार छन् । यो पार्टीका नौ जना उम्मेदवारमात्रै ६० वर्षमाथिका छन् । त्यस्तै श्रम संस्कृति पार्टीका कूल १० ९ उम्मेदवारमध्ये ३५ जना ४० वर्षभन्दा कम उमेरका छन् । सो पार्टीबाट सबैभन्दा कान्छो उम्मेदवार २६ वर्षीय पंकजकुमार ठाकुरले सिरहा-४ बाट उम्मेदवारी दिएका छन् । सो पार्टीमा छ जनामात्रै ६० वर्षमाथिका उम्मेदवार छन् । बर्दिया-२ बाट उम्मेदवारी दिएका ७४ वर्षीय मानबहादुर वैराग सो पार्टीका सबैभन्दा ज्येष्ठ उम्मेदवार छन् ।

वास्तवमा युवाको सक्रियता लोकतन्त्रका लागि सकारात्मक संकेत हो । निर्वाचनलाई केवल सत्ता हस्तान्तरणको प्रक्रियामात्र नभई युवाको बदलिँदो राजनीतिक चेतना पनि हो । विगतमा राजनीतिक उदासीनताको आरोप खेप्दै आएको युवा वर्ग आज नीति, नेतृत्व र प्रणालीमाथि प्रश्न उठाउन अग्रपंक्तिमा देखिन थालेका छन् । यही परिवर्तन आसन्न प्रतिनिधिसभा निर्वाचनको सबैभन्दा निर्णायक तत्व बन्ने संकेत गरेको हो ।

आसन्न निर्वाचनको अर्को महत्त्वपूर्ण पक्ष डिजिटल राजनीति पनि हो । नेपालमा इन्टरनेट पहुँच ७० प्रतिशतभन्दा बढी पुगेको छ भने सामाजिक सञ्जाल प्रयोगकर्तामध्ये बहुसंख्यक युवा नै छन् । टिकटक, फेसबुक, युटचुब र एक्स (ट्विटर) अब केवल मनोरञ्जनका माध्यम होइनन्, राजनीतिक विमर्शका मुख्य प्लेटफर्म पनि बनेका छन् । यसले परम्परागत चुनावी अभियानको स्वरूप नै परिवर्तन गरिदिएको छ । ठूला सभा, पोस्टर र नाराभन्दा छोटा भिडियो, तथ्यको जाँच, विगतको अभिलेख र सार्वजनिक बहस प्रभावकारी बन्दै गएका छन् ।

जेन-जी मतदाताले उम्मेदवारको इतिहास, व्यवहार र विश्वसनीयतालाई 'डिजिटल' माध्यमबाट सजिलै मूल्यांकन गरिरहेका छन् । यसले चुनावी राजनीतिमा पारदर्शिता बढाएको छ, तर दलहरूका लागि चुनौती पनि थपेको छ । अहिले नेतृत्वमा उदाउन खोज्नेले युवा पुस्ताको सपनालाई आर्थिक दृष्टिकोणबाट सम्बोधन गर्न सक्नुपर्छ । त्यो भनेको यो मुलुकमा उत्पादन बढाउनुपर्छ । ठूलठूला उद्योगको स्थापनाका लागि सरकार र राजनीतिक नेतृत्वले उत्प्रेरणात्मक, निश्चर्यतात्मक र अभिभावकीय भूमिका खेलिनुपर्नेमा त्यसो हुन सकेको छैन । युवा शक्ति नै राष्ट्रको आधारस्तम्भ भएकाले यो शक्तिलाई सही दिशामा सदुपयोग गरेमामात्र युवा पलायन रोकी मुलुकलाई समृद्धितर्फ डोऱ्याउन सकिन्छ । यसका साथै समृद्धिमैत्री आधुनिक प्रविधिसँग आत्मसात् गर्ने नौलो सीप तथा दक्षतामा रमाउन चाहने युवालाई आर्थिक विकासको मेरुदण्डका रूपमा समाहित गर्नुपर्ने आजको आवश्यकता छ ।

हुन त प्रत्येक सरकारले मुलुकको आर्थिक समृद्धि तथा सामाजिक रूपान्तरणको अभिभारा युवाको काँधमा सुम्पिएको भनिए पनि उनीहरूको समस्याप्रति चासो दिएको छैन । युवाहरू अनेकथरी समस्याको चक्रव्यूहमा फसेका देखिन्छन् । श्रम स्वीकृति लिने नेपालीको संख्या वार्षिक सात/आठ लाखको हाराहारीमा रहेको तथ्यांक छ । तीमध्ये ठूलो हिस्सा १८-३५ वर्ष उमेर समूहका युवा हुन् । सरकारी सेवामा सीमित पहुँच हुँदा तथा निजी क्षेत्रमा स्थायित्व र तलबको 'ग्यारेण्टी' नहुँदा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन । बेरोजगार भएपछि अधिकांशले विदेशतर्फको बाटोमा लम्किन्छन् । प्रत्येक दिन दुई हजार युवा वैदेशिक रोजगारीका लागि बाहिरिन्छन् भने कतिपय युवा उच्च शिक्षका लागि विदेश गई उतै पलायन भइरहेका छन् । युवामैत्री लगानीको अभाव र लैगिक, क्षेत्रीय, जातीय असमानताका कारण युवाहरू पलायन हुन बाध्य भएका छन् ।

यसरी रोजगारीका लागि विदेसिन बाध्य हुनु भनेको आर्थिक पलायनका लागिमात्र होइन, राजनीतिक अविश्वासको मौन जनमत पनि हो । चुनावका बेला 'देशमै अवसर सिर्जना' भन्ने नारा दोहोरिए पनि व्यवहारमा युवाले त्यसको प्रत्याभूति गर्न पाएका छैनन् । विदेशमा रहेका लाखौं युवाले मतदान गर्न पाउने व्यवस्था नहुनु पनि लोकतान्त्रिक प्रतिनिधित्वको गम्भीर कमजोरी पनि हो । यदि उनीहरूको मत समावेश हुन सकेको भए, निर्वाचन परिणाम र राजनीतिक सन्तुलनमा ठूलो प्रभाव पर्न सक्थ्यो होला ।

युवाको विकासका लागि बनाइएको नीति प्रभावकारी रूपले कार्यान्वयन गरी युवाका समस्या सम्बोधन र अवस्थामा सुधार ल्याउनेतर्फ राज्यको ध्यान नपुग्दा पिछडिएको वर्ग र क्षेत्रका युवाको राज्यका केन्द्रीय निकायमा प्रतिनिधित्वसमेत न्यून छ । श्रमबाट मात्रै समृद्धि आउने हुँदा मुलुकको उन्नतिका लागि श्रम गर्न सक्ने सबैभन्दा बढी क्षमता र सम्भावना भएका युवाको उचित परिचालन हुनुपर्छ । तर त्यो हुन सकेको छैन । सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न युवाको भूमिका र उनीहरूमा अन्तर्निहित क्षमतालाई गुणात्मक बनाउने लक्ष्यका साथ यो नीति कार्यान्वयनमा ल्याइएको हो । यसरी जेन-जी पुस्ताको असन्तुष्टि भावनात्मकभन्दा पनि संरचनागत देखिन्छ । बेरोजगारी यसको प्रमुख कारण हो ।

पछिल्लो समय मुलुकमा देखिएका युवा केन्द्रित आन्दोलनहरू, स्वतःस्फूर्त प्रदर्शन र सामाजिक सञ्जालमा उठेका बहसहरूले एक नयाँ राजनीतिक ऊर्जा सिर्जना गरेका छन् । तर यो ऊर्जा संस्थागत राजनीतिमा रूपान्तरण हुन सकेको छैन । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको अभाव पनि हो । युवा नेताहरू दलभित्रै निर्णायक तहमा पुग्न नसक्दा, सक्षम युवा राजनीतिको बाहिर धकेलिएका छन् । यसले युवामा 'दलभित्र छिरेर परिवर्तन सम्भव छैन' भन्ने सोच बलियो बनाएको छ । त्यसैले आसन्न निर्वाचनमा राजनीतिक दलहरूको सबैभन्दा ठूलो परीक्षा युवालाई विश्वस्त पार्नु हो । घोषणापत्रमा रोजगारी, सुशासन, डिजिटल अर्थतन्त्र र शिक्षा सुधार समावेश गर्नुमात्र पर्याप्त हुँदैन । युवाले अब 'के गर्ने' भन्दा 'कसरी र कहिले' भन्ने प्रश्न सोधिरहेका छन् । पछिल्ला निर्वाचनमा देखिएको स्वतन्त्र र वैकल्पिक उम्मेदवारप्रतिको आकर्षण पनि यही असन्तुष्टिको परिणाम हो ।

यसपटकको निर्वाचन अघिल्ला निर्वाचनभन्दा फरक हुन सक्ने संकेत देखिन थालेका छन् । युवा मतदाता जात, क्षेत्र वा पार्टी पहिचानभन्दा नीति, चरित्र र कार्यसम्पादनका आधारमा मतदान गर्न इच्छुक देखिन्छन् । यसलाई 'समस्या केन्द्रित मतदान'को प्रारम्भिक चरणका रूपमा बुझ्न सकिन्छ । यदि यो प्रवृत्ति संस्थागत भयो भने यसले नेपालको समावेशी लोकतन्त्रलाई सबल, सुदृढ र जनताको विश्वास आर्जनमा महत्त्वपूर्ण योग्दान पुऱ्याउन सक्छ ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन नेपालका लागि केवल अर्को चुनाव होइन, पुस्तागत राजनीतिक संक्रमणको निर्णायक मोड हो । जेन-जीले उठाएको प्रश्न, प्रस्तुत गरेको विकल्प र देखाएको सक्रियताले आगामी राजनीतिक दिशा तय गर्ने छ । युवालाई केवल मतदाता होइन, नीति साझेदारका रूपमा स्वीकार गर्न सकेमात्र निर्वाचन लोकतन्त्र सुदृढीकरणको माध्यम बन्न सक्छ । *रासस*

# मतदान अधिकृतका लागि प्रशिक्षण सुरु

**नेपालगञ्ज (प्रस)–** प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बाँकेमा मतदान अधिकृत र सहायक मतदानअधिकृतका लागि प्रशिक्षण कार्यक्रम आइतबारदेखि यहाँ सुरु भएको छ ।

बाँकेका प्रमुख निर्वाचन अधिकृत दीपककुमार दाहालले सो प्रशिक्षणको शुभारम्भ गर्दै अपेक्षा नगरेको समयमा प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिनुपरेको बताए । उनले भने, 'निर्वाचनलाई तनावका रूपमा लिन हुँदैन र त्यसलाई तनावका रूपमा लिँदा कठिनाइ आउन सक्ने भएकाले तनावको व्यवस्थापन गर्न सिक्नुपर्छ, जान्नुपर्छ र गर्नुपर्छ ।'

उनले आगोको सानो झिल्कोले वन सखाप पारेजस्तै हाम्रा बोली, वचन र व्यवहारको सानो रूपले ठूलो रूप लिन सक्छ भन्ने कुरामा सचेत हुन जरुरी रहेको उल्लेख गरे । हरेक बोली र आचरणलाई होसियारिपूर्वक लिनुपर्नेमा जोड दिँदै मुख्य निर्वाचन अधिकृत दाहालले मतदान केन्द्रमा आउने अशक्त, धेरैबेर उभिन नसक्ने मतदाताका लागि स्थानीय तहको सहयोगमा टेन्टको व्यवस्थापन गर्न आग्रह गरे ।

'आचरण र अनुशासनलाई नियन्त्रणमा राख्ने जिम्मा यहाँहरूको हातमा छ,' उनले भने । आचरणको विषय निर्वाचन कसुरसँग जोडिएको जानकारी दिँदै मुख्य निर्वाचन अधिकृत दाहालले विभागीय कारबाहीसँगै निर्वाचन कसुरमा कारबाही हुने चेतावनी दिए । बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले मतदान अधिकृत तथा सहायक मतदान अधिकृतले निर्वाचन आचारसंहिता पालना गरेको वा नगरेको भन्ने विषयमा निगरानीमा रहेको बताए ।

उनले मतदातामध्ये अनुपस्थित मतदाताको पनि मतदान गर्ने चेष्टा हुनसक्ने भएकाले त्यसमा सर्तकता अपनाउन आग्रह गर्दै निर्वाचनको कार्यविधि अनुसार कडाइ गर्न निर्देशन दिए । 'मतदातामध्ये अनुपस्थित मतदाताको मतदान भयो भने भयावह अवस्था हुनसक्छ,' प्रमुख जिल्ला अधिकारी तामाङले भने । बाँकेको सुरक्षा संवेदनशीललाई ध्यान दिएर सुरक्षाकर्मी परिचालन गरिएको उल्लेख गर्दै उनले मतदानस्थलमा मतदानको वातावरण निर्माण गर्न स्थानीय तहको वडा कार्यालयबाट प्राप्त हुने स्रोतसाधनको सदुपयोग गर्न आग्रह गरे ।

तीन निर्वाचन क्षेत्र रहेको जिल्लामा ४०३ मतदान केन्द्र रहेका छन् । यी मतदान केन्द्रमा ८०० मतदान अधिकृत तथा सहायक मतदान अधिकृत परिचालन हुने जिल्ला निर्वाचन कार्यालय, बाँकेले जनाएको छ । यही फागुन १४ गतेसम्म हुने प्रशिक्षणमा १६० जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृत सहभागी भएका छन् । सो प्रशिक्षण चरण चरणमा हुने र नमूना मतदान अभ्याससमेत हुने निर्वाचन कार्यालय, बाँकेका प्रमुख टेकबहादुर शाहीले जानकारी दिए ।

# बदलियो चुनाव प्रचार शैली: घरदैलो र डिजिटल प्रयोगमा जोड

**गलेश्वर (म्याग्दी)–** म्याग्दीका राजनीतिक दल र उम्मेदवारहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पुराना चुनावी शैली परिवर्तन गरेका छन् ।

विगतका निर्वाचनमा भित्तामा टाँसिने ठूलाठूला पोस्टर-पम्प्लेट र ठूला चनावी सभाभन्दा यसपटक उम्मेदवारहरूले टोल-बस्तीमा पुगेर मतदातासँग छलफल, घरदैलो र साना कार्यक्रम सञ्चालन गर्ने नीति लिएका छन् । यसबाहेक सामाजिक सञ्जालमार्फत 'डिजिटल प्रचार सामग्री'को प्रयोगलाई व्यापक प्राथमिकता दिइएको छ ।

हाल उम्मेदवारसँगै नेता र कार्यकर्ताहरूले घरदैलो र प्रत्यक्ष भेटघाटमा बढी जोड दिएका छन् । नेताहरूलाई आ-आफ्नो पालिकामा चुनाव प्रचार गर्ने जिम्मा दिइएको छ । यसरी जिम्मेवारी पाएकाहरूले मतदातासँग प्रत्यक्ष भेटघाट र सामाजिक सञ्जालमार्फत आफ्नो पार्टी तथा उम्मेदवारको प्रचार गरिरहेका छन् ।

क्यामराम्यानसहित फेसबुक, टिकटक, युटचुबमा दैनिक भिडियो सामग्री बनाएर पोस्ट गर्ने, प्रत्यक्ष प्रसारण गर्ने शैली अपनाइएको छ । त्यतिमात्र होइन स्वतन्त्र उम्मेदवार महावीर पुनले त टोलटोलमा घुम्दै हाते माइकमार्फत जनतालाई कटुवाल कराउने शैलीमा 'लौ है जनता हो ! महावीर आयो' भन्दै आफ्ना कुरा सुनाइरहेका छन् ।

नेपाली कांग्रेस म्याग्दीका चुनाव प्रचारप्रसार समिति सदस्य निर्मल खत्री यसपटक सामाजिक सञ्जालमार्फत भिडियो सन्देश, प्रत्यक्ष प्रसारण र डिजिटल सामग्रीमार्फत मतदातासँग जोडिने प्रयास गरिएको बताउँछन् । कांग्रेस उम्मेदवार कर्णबहादुर भण्डारीको सचिवालयले प्रत्यक्ष भेटघाट र डिजिटल प्रचारप्रसारलाई प्राथमिकता दिएको उनले बताए ।

नेकपा एमालेका उम्मेदवार हरिकृष्ण श्रेष्ठले पनि यस्तै शैली अपनाउँदै मतदाताको घरदैलोमा पुगिरहेका छन् । एमाले नेता प्रकाश पौडेलका अनुसार एमालेले विगतमा गरेका विकास कार्य र उम्मेदवारका प्रतिबद्धताहरू मतदातासम्म पुऱ्याउन भिडियो, गीत, टिकटक र पोडकास्टमार्फत प्रचार गरिरहेको छ ।

यस्तैगरी स्वतन्त्र उम्मेदवार महावीर पुनको सचिवालय पनि पोस्टकार्ड, रिल र भिडियो सामग्रीमार्फत डिजिटल प्रचारमा सक्रिय छ । पुनका सहयोगी चित्र तिलिजाले निर्वाचन प्रचारप्रसारका लागि मतदातासँग प्रत्यक्ष भेटघाट र डिजिटल प्रविधिको भरपुर प्रयोग गरिएको बताए ।

यस्तै, नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार अर्जुन थापाको सचिवालयले पनि डिजिटल प्रचारलाई प्राथमिकता दिएको छ । भेटघाट, प्रत्यक्ष संवाद र मतदाताका प्रतिक्रियालाई फेसबुकमा लाइभ गर्दै प्रचार प्रसारलाई तीव्रता दिइएको नेकपाका नेता गोविन्द पौडेलले जानकारी दिएका छन् ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका डम्बर सुवेदी, राष्ट्रिय जनमोर्चाका छेमबहादुर विश्वकर्मा, नेकपा माओवादीका क्षेत्रबहादुर घिमिरेलगायत उम्मेदवारले पनि सामाजिक सञ्जालमार्फत प्रचार गरिरहेका छन् । यहाँ एक स्वतन्त्र र ११ राजनीतिक पार्टीका गरी १२ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । यहाँका सबैजसो उम्मेदवारले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर कालोपत्र गर्ने, अन्य सडक निर्माण, खानेपानी, शिक्षा, कृषि क्षेत्रको प्रवर्द्धन, सुलभ स्वास्थ्य सेवा, रोजगारीलगायतका मुद्दालाई प्राथमिकतामा राखेका छन् ।

नयाँ उम्मेदवारको उपस्थिति, दलीय राजनीतिको बीचमा स्वतन्त्र उम्मेदवारको उपस्थिति र बदलिँदो प्रचार शैलीले यसपटक निर्वाचनलाई अझ रोचक बनाएको स्थानीय बुद्धिजीवी राजु केसीले बताए । निर्वाचनको मिति नजिकिँदै जाँदा डिजिटल प्रविधिको प्रयोग गरी प्रचार कार्य बढेसँगै साइबर सुरक्षा चुनौती पनि बढ्दै गएको छ । उम्मेदवारको सामग्रीमा अर्का समर्थकहरूले गाली-गलौज र नकारात्मक टिप्पणी गर्दा द्वन्द्व बढेको देखिएको छ । सामाजिक सञ्जालको दुरूपयोग रोक्न कडाइका साथ निगरानी भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

एक निर्वाचन क्षेत्र, छ पालिका र ४५ वटा वडा रहेको म्याग्दीमा ८६ हजार ३९७ मतदाता रहेका छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएको छ । *रासस*

# सुदूरपश्चिममा डेंगुबाट तीन वर्षमा सात हजारभन्दा बढी प्रभावित

**कञ्चनपुर–** सुदूरपश्चिम प्रदेशमा डेंगु संक्रमणको जोखिम अझै चुनौतीपूर्ण देखिएको छ । स्वास्थ्य निर्देशनालय दिपायलको तथ्यांकअनुसार विगत तीन आर्थिक वर्षमा प्रदेशभर डेंगुबाट संक्रमित हुनेको संख्या सात हजार ६८३ रहेको छ ।

स्वास्थ्य निर्देशनालयका कीटजन्य रोग अधिकृत हेमराज जोशीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिममा तीन हजार ३४९ जनामा डेंगु संक्रमण पुष्टि भएको थियो । आव २०८१/८२ मा यो संख्यामा सामान्य कमी आए पनि जोखिम भने कायमै रहेको उनले बताए । सो वर्ष तीन हजार ३१६ जनामा संक्रमण देखिएको थियो ।

चालु आर्थिक वर्षको हालसम्म प्रदेशमा एक हजार १८ जना डेंगुबाट प्रभावित भइसकेका छन् । अधिकृत जोशीले भने, 'अघिल्ला वर्षको तुलनामा डेंगुको ग्राफ केही घटेको देखिए पनि संक्रमणको जोखिम भने टरेको छैन । विशेषगरी तराईका जिल्लामा यसको प्रभाव बढी छ ।'

निर्देशनालयका अनुसार प्रदेशका कैलाली र कञ्चनपुर डेंगुबाट सबैभन्दा बढी प्रभावित जिल्ला हुन् । पछिल्लो समय जलवायु परिवर्तन र बढ्दो सहरीकरणका कारण पहाडी जिल्लामासमेत डेंगुका बिरामी फेला पर्न थालेका अधिकृत जोशीले बताए । उनका अनुसार डेंगु नियन्त्रणका लागि प्रदेश सरकार र स्थानीय तहले 'लार्भा खोज र नष्ट गर' अभियानलाई निरन्तरता दिँदै आएका छन् ।

यसैबीच, नागरिकस्तरबाट घर वरपर पानी जम्न नदिने र व्यक्तिगत सतर्कता अपनाउनमा कमी आउँदा संक्रमण पूर्णरूपमा नियन्त्रण हुन नसकेको स्वास्थ्यकर्मी बताउँछन् । 'एडिस एजिप्टी' जातको लामखुट्टेको टोकाइबाट सर्ने यो रोग नियन्त्रणका लागि सचेतना मुख्य उपाय भएको अधिकृत जोशीले बताए । निर्देशनालयले ज्वरो आउने, जोर्नी दुख्ने र टाउको दुख्नेजस्ता लक्षण देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा परीक्षण गराउन आग्रह गरेको छ । *रासस*


**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**सेती प्रादेशिक अस्पताल**
**धनगढी, कैलाली, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१०)**

यस अस्पताललाई आवश्यक पर्ने देहायको खरिद कार्य खुला बोलपत्र (E-GP) को माध्यमबाट गर्नका लागि बिद्युतिय बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| सि नं | बोलपत्रको विवरण | बोलपत्र नं |
|---|---|---|
| १ | Procurement of Printing Items | SPH/NCB/ Goods/04- 082/83 |

सूचनाको बिस्तृत विवरण www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।



**भीमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चरिकोट दोलखा, बागमती प्रदेश, नेपाल**

**सामाग्री आपूर्तिका लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मिति: २०८२/११/११**

यस नगरपालिकाको तपशिल वमोजिमको सामाग्री आपूर्ति गर्न इजाजत प्राप्त योग्य फर्म र कम्पनीले रितपूर्वकको दरभाउपत्र विद्युतीय खरिद प्रणाली (E-Bid) मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र सम्बन्धि कागजात र विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document बाट Download र हेर्न सकिनेछ । दरभाउपत्र सम्बन्धि कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

| क्र.स. | ठेक्का नं | ठेक्काको नाम | लागत अनुमान (VAT बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फाराम दाखिला अवधि | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | BMP/SQB/GOODS/ 2082-83/E/02 | Aadharbhut tatha Aakashmik Sewakaa laagi Aushadhi Kharid | १०,४८,१८९/२० | १,०००/- | २७,०००/- | २०८२/११/२६ गते १२ बजे भित्र | २०८२/११/२६ गते १ वजे |
| | BMP/SQB/GOODS/ 2082-83/E/03 | Supplying, Delivery and Commissioning of Incinerater | १२,८५,७००/- | १,०००/- | ३७,०००/- | २०८२/११/२६ गते १२ बजे भित्र | २०८२/११/२६ गते १ वजे |



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

**सूचना प्रकाशित मिति: २०८२/११/११**

**श्री गज बहादुर गुरुङकी** छोरी **श्री धन बहादुर गुरुङकी** छोराबुहारी **श्री कुल बहादुर गुरुङकी** पत्नी **गण्डकी प्रदेश, स्याङजा** जिल्ला **भिरकोट न.पा.** वडा नं. **०८** बस्ने **श्रीमती लौ माया गुरुङले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०३३६२** संचालन गर्दै आउनु भएकोमा मिति **२०७९/०७/२५** मा निज खातावाला **श्रीमती लौ माया गुरुङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने **श्री गिरी प्रसाद गुरुङले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती लौ माया गुरुङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बर: ०१४५१८५८२
फ्याक्स:- ०१४५१८४५३



**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**डडेल्धुरा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति:- २०८२/११/११)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट २०८२/०९/२० गते सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम रीतपूर्वक पेश भएकामध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता, बोलपत्रको मूल्यांनबाट छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| योजनाको नामरठेक्का नं. | मूल्याङ्कनबाट छनौट भएको बोलपत्रदाता | कबोल अंक (मू.अ.क. र पि.एस. सहित) |
|---|---|---|
| IDO/DDL/NCB/W/082/083-11, अनारखोलि चुल्लेक डाँगीसलि सडक, अजयमेरु डडेल्धुरा | Padmadevi Consult and Contruction Pvt.Ltd., Nawadurga-04, Dadeldhura. | १५३६८४६।७८ |
| IDO/DDL/NCB/W/082/083-12, उग्रतारा मेलौली सडक मर्मत कार्य, अजयमेरु, डडेल्धुरा | N.K. Contruction , Amargadhi-06, Dadeldhura. | १७१८१५२।४५ |
| IDO/DDL/NCB/W/082/083-14, ढुंगाखानी शिस्यथान काजीधारा अस्पताल चक्रपथ सडक निर्माण, अमरगढी-४,५, डडेल्धुरा | Minakshi Contruction, Nawadurga-01, Dadeldhura | २२०९३७९।२७ |
| IDO/DDL/NCB/W/082/083-15, लरडा कुर्चे सडक स्तरोन्नति, अमरगढी(३, डडेल्धुरा | Pusp Contruction, Dadeldhura-05, Dadeldhura | १८७९३५७।१२ |
| IDO/DDL/NCB/W/082/083-16, पथरोडा रजोडा सडक निर्माण, अमरगढी-३, डडेल्धुरा | Pusp Contruction, Dadeldhura-05, Dadeldhura. | १२०५५३९।५० |

कार्यालय प्रमुख



**कतारमा रोजगार** कम्पनी : ZANJABEEL CAFETERIA WLL

पूर्व स्वीकृति मिति : २०८२/०७/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१० | LT. No. 333075 | चलानी नं. ६०२४६७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 1500 | ५८,३७० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kabab Maker | 2 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 3 | Chef (Cook) | 1 | 0 | 1800 | ७०,०४५ | | | | | | | |
| 4 | Coffee Maker | 2 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 5 | Asian Cook | 2 | 0 | 1800 | ७०,०४५ | | | | | | | |
| 6 | Sandwish Maker | 4 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 7 | Waiter(Male) | 8 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 8 | Juice Maker (Fresh Juice) | 5 | 0 | 1500 | ५८,३७० | | | | | | | |
| 9 | Helper | 1 | 0 | 1300 | ५०,५८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १८ गते (2nd Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



**युएइमा रोजगार** कम्पनी : LUBAN PRECAST BUILDING MANUFACTURING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१० | LT. No. 325879 | चलानी नं. ६०२३९७८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cement Mixer Opertor | 15 | 0 | 1500 | ५९,४३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Compresser Operator | 15 | 0 | 1500 | ५९,४३० | | | | | | | |
| 3. | Concrete Masons | 70 | 0 | 1200 | ४७,५४५ | | | | | | | |
| 4. | Concrete Mixer Operator | 50 | 0 | 1500 | ५९,४३० | | | | | | | |
| 5. | Concrete Pump Operator | 50 | 0 | 1500 | ५९,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन १८ गते (2nd Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu
Tel: +977-1-4960523, 4957731, Email : globalreliance03@gmail.com



इजिप्टको आस्वानमा सूर्य महोत्सवको समयमा अबु सिम्बेलको महान मन्दिरमा प्रवेश गर्न पर्खिरहेका पर्यटक । *तस्बिरः सिन्हुवा*

# पाक–अफगान सीमा तनाव चुलियो



**बिहसुद (अफगानिस्तान)–** पाकिस्तानले आइतबार छिमेकी अफगानिस्तानको सीमाक्षेत्रमा गरेको व्यापक हवाई आक्रमणपछि दुई देशबीचको तनाव थप चुलिएको छ । इस्लामाबादले पाकिस्तानमा हालै भएका आत्मघाती बम विष्फोटका घटनाको प्रत्युत्तरस्वरूप अफगानिस्तानमा आधारित आतंकवादी समूहहरूलाई लक्षित गरी सात स्थानमा कारबाही गरिएको जनाएको छ भने काबुलले ती आक्रमणमा महिला र बालबालिकासहित दर्जनौं निर्दोष सर्वसाधारण मारिएको दाबी गरेको छ ।

रातभर सञ्चालन गरिएको यो आक्रमणलाई अक्टोबरमा सीमामा भएको भीषण झडपयता सबैभन्दा ठूलो सैन्य कारबाही मानिएको छ । त्यसबेला दुवै पक्षका ७० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको थियो र सयौं घाइते भएका थिए । पछिल्लो आक्रमणपछि सीमा क्षेत्रमा पुनः असुरक्षा र त्रास फैलिएको छ ।

पाकिस्तानको सूचना तथा प्रसारण मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पाकिस्तानी तालिबान, उसका सहयोगी समूहहरू तथा इस्लामिक स्टेटसँग सम्बद्ध तत्वहरूलाई लक्षित गरिएको उल्लेख गरिएको छ । इस्लामाबादले तालिबान नेतृत्वले बारम्बार आग्रह गरिँदा पनि पाकिस्तानविरुद्ध अफगान भूभाग प्रयोग गर्ने समूहहरूमाथि कारबाही गर्न असफल भएको आरोप लगाएको छ ।

तर अफगानिस्तानको रक्षा मन्त्रालयले नान्गरहार र पक्तिका प्रान्तका मदरसा र घरहरूमा आक्रमण हुँदा 'महिला र बालबालिकासहित दर्जनौं निर्दोष नागरिक सहिद र घाइते भएको' जनाएको छ । मन्त्रालयले पाकिस्तानी आक्रमणको 'उचित र सुनियोजित जवाफ दिइने' चेतावनी दिएको छ ।

नान्गरहारको बिहसुद जिल्लाबाट एएफपीका पत्रकारले दुर्गम पहाडी गाउँमा स्थानीय बासिन्दाहरू भग्नावशेष पन्छाउँदै शव खोजिरहेको दृश्य देखिएको बताएका छन् । उद्धारमा खटिएकाहरूले बेलचा र उत्खननका साधन प्रयोग गरी ढलेका संरचनामुनि पुरिएका आफन्तलाई निकाल्ने प्रयास गरिरहेका थिए ।

छिमेकी ३७ वर्षीय अमिन गुल अमिनले 'यहाँका मानिसहरू सामान्य बासिन्दा हुन्, सबै आफन्तजस्तै हुन्' भन्दै बम विष्फोटपछि बाँचेकाहरूले मद्दतका लागि चिच्याएको सुनिएको बताए । नान्गरहार प्रहरीका प्रवक्ता सैयद तैयब हम्मादका अनुसार मध्यरातमा सुरु भएको बमबारी तीन जिल्लासम्म फैलिएको थियो । उनले एकै घरमा रहेका २३ सदस्य प्रभावित भएको र पाँच जना घाइतेलाई जीवितै उद्धार गरिएको जानकारी दिए ।

सन् २०२१ मा तालिबानले अफगानिस्तानको सत्ता पुनः नियन्त्रणमा लिएपछि दुई देशबीचको सम्बन्ध निरन्तर तनावपूर्ण रहँदै आएको छ । अफगानिस्तानमा संयुक्त राष्ट्रसंघीय मिसनका अनुसार पाकिस्तानी सैन्य कारबाहीका कारण अक्टोबरदेखि डिसेम्बरसम्म ७० अफगान सर्वसाधारण मारिएका थिए । *रासस⁄एएफपी*

# ट्रम्पको प्रश्न- इरान किन झुकेको छैन ?



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कडा सैन्य दबाबका बाबजुद इरान किन सम्झौतामा झुकेको छैन भन्ने प्रश्न उठाएको अमेरिकी दूत स्टिभ विटकफले बताएका छन् । आणविक सम्झौताबारे दबाब बढाइरहेका ट्रम्पले इरानले वासिङ्टनको चेतावनीलाई गम्भीररूपमा किन नलिएको भन्ने जिज्ञासा व्यक्त गरेको उनले खुलासा गरे ।

ओमानको मध्यस्थतामा संयुक्त राज्य अमेरिका र इरानबीच जेनेभामा वार्ता पुनः सुरु भइरहेका बेला वासिङ्टनले क्षेत्रमा दुई विमानवाहक पोत, लडाकु जेट र अतिरिक्त हतियार पठाएर आफ्नो चेतावनीलाई बलियो बनाएको छ । यसै सन्दर्भमा फक्स न्युजमा ट्रम्पकी बुहारी लारासँगको अन्तर्वार्तामा विटकफले राष्ट्रपति इरानको अडानप्रति 'उत्सुक' रहेको बताए ।

'म 'निराश' शब्द प्रयोग गर्न चाहन्नँ, किनकि उहाँसँग धेरै विकल्प छन् भन्ने उहाँ बुझ्नुहुन्छ,' विटकफले भने, 'तर उहाँ उत्सुक हुनुहुन्छ- उनीहरूले किन आत्मसमर्पण गरेनन् ?' उनले 'आत्मसमर्पण' शब्द प्रयोग गर्न हिच्किचाए पनि तीव्र सैन्य उपस्थिति र समुद्री शक्तिको दबावकाबीच इरान किन वार्तामा निर्णायकरूपमा अघि नबढेको भन्ने प्रश्न राष्ट्रपति उठाइरहेको उल्लेख गरे । 'किन उनीहरू हामीकहाँ आएर 'हामीलाई हतियार चाहिँदैन, हामी यस्तो गर्न तयार छौं' भनेर भन्दैनन् ?,' उनले प्रश्न गरे ।

अन्तर्वार्तामा विटकफले सन् १९७९ को इस्लामिक क्रान्तिपछि देश फर्कन नपाएका पूर्वयुवराज रेजा पहलवीसँग राष्ट्रपतिको निर्देशनमा भेट गरेको पुष्टि गरे, तर विस्तृत विवरण दिएनन् । गत साता अमेरिकास्थित पहलवीले म्युनिखमा ट्रम्पद्वारा शासन परिवर्तन इरानका लागि उपयुक्त हुनसक्ने चर्चा भइरहेका बेला आफू 'धर्मनिरपेक्ष लोकतान्त्रिक भविष्य'का लागि देशको नेतृत्व गर्न तयार रहेको बताएका थिए । विटकफको टिप्पणी इरानी विदेशमन्त्री अब्बास अराघचीले वासिङ्टनसँग सम्भावित सम्झौताको मस्यौदा प्रस्ताव केही दिनभित्र तयार हुने संकेत दिएको पृष्ठभूमिमा आएको हो । ट्रम्पले बिहीबार इरानलाई आफ्नो आणविक कार्यक्रमसम्बन्धी चिन्ताहरूमा सहमति जनाउन अधिकतम १५ दिनको समयसीमा दिएको थियो ।

जेनेभामा वार्ता जारी रहँदा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खमेनीले मंगलबार ट्रम्प इस्लामिक गणतन्त्रलाई नष्ट गर्न सफल नहुने बताएका थिए । पश्चिमी मुलुकहरूले इरानमाथि आणविक हतियार विकास गर्ने प्रयास गरिरहेको आरोप लगाउँदै आएका छन्, जसलाई तेहरानले अस्वीकार गर्दै नागरिक प्रयोजनका लागि युरेनियम संवर्द्धन गर्ने आफ्नो अधिकार रहेको दाबी गर्दै आएको छ । इरानले आर्थिक प्रतिबन्धका कारण अर्थतन्त्रमा परेको ठूलो दबाब अन्त्य गर्न वार्ता चाहेको बताउँदै आएको छ । तेहरानले डिसेम्बरमा भएको सरकारविरोधी प्रदर्शनमा बाहय शक्तिको भूमिका रहेको आरोप लगाउँदै आएको छ । यी सबै घटनाक्रमबीच ट्रम्प प्रशासनको कडा अडान र इरानको प्रतिरोधी प्रतिक्रिया आगामी दिनमा वार्ताको दिशानिर्देशन गर्ने निर्णायक तत्व बन्न सक्ने देखिएको छ । *रासस⁄एएफपी*

पूर्व सिआइए अधिकारीको दाबी

## अमेरिका इरानमा सैन्य आक्रमणको तयारीमा

**वासिङ्टन–** अमेरिकाका पूर्वसिआइए अधिकारी जोन किरियाकोउले आगामी हप्ताको सुरुमा इरानविरुद्ध सैन्य आक्रमण गर्ने अन्तिम निर्णय भइसकेको दाबी गरेका छन् । जुलियन डोरे पोडकास्टमा उनले ह्वाइट हाउसका एकजना पूर्वगुप्तचर अधिकारीको हवाला दिँदै प्रशासनले दिएको सार्वजनिक समयसीमा हुँदाहुँदै पनि आक्रमण सन्निकट हुन सक्ने बताए ।

किरियाकोउले भने, 'मेरो एक साथी, पूर्वसिआइए अधिकारी हुन्, जो आज बिहान ह्वाइट हाउसमा आफ्ना साथीहरूसँग कुरा गरिरहेका थिए । उनी भन्छन् कि सोमबार वा मंगलबार इरानमा आक्रमण गर्ने निर्णय गरिएको छ ।' किरियाकोउका अनुसार राष्ट्रपतिले हिजो सार्वजनिक रूपमा इरानी नेतृत्वलाई १० दिनको समय दिएको थियो, तर यस्तो समयसीमा प्रायः रणनीतिक विचलनको रूपमा प्रयोग गरिन्छ ।

यसैबीच, संयुक्त राज्य अमेरिकाले मध्यपूर्वका विभिन्न प्रतिष्ठानहरूमा अज्ञात मिसनका लागि सैनिकहरूको रणनीतिक स्थानान्तरण सुरु गरेको छ । द जेरुसेलम पोस्टका अनुसार, कतारको अल उदेद बेसबाट सयौं सैनिकहरू स्थानान्तरण गरिएको संकेत पाइएको छ । बहराइन, इराक, सिरिया, कुवेत, साउदी अरब, जोर्डन र संयुक्त अरब इमिरेट्समा पनि अमेरिकी सुविधाहरूमा यस्तै रसद परिवर्तनहरू भएको पाइएको छ ।

सरकारी अधिकारीहरूले यस क्षेत्रमा हाल तैनाथ ३० हजारदेखि ४० हजार अमेरिकी सैनिकहरूले पूर्णयुद्धको स्थितिमा इरानको प्राथमिक लक्ष्यका रूपमा काम गर्न सक्ने आशंका व्यक्त गरेका छन् । सैन्य विज्ञहरूले यस सम्भावित द्वन्द्वलाई सन् २०२५ मा अल उदेदमा भएको आक्रमणभन्दा फरक हुने बताएका छन्, जसमा इरानी अधिकारीहरूले अमेरिकालाई अग्रिम सूचना दिएका थिए । इरानी पक्षले संयुक्त राष्ट्रसंघमा चेतावनी दिँदै अमेरिकी आक्रमणको अवस्थामा 'यस क्षेत्रमा सत्रुशक्तिका सबै आधार, सुविधाहरू र सम्पत्तिहरू वैध लक्ष्यहरू हुने' चेतावनी दिएको छ । यी खतराहरूको प्रकाशमा, अमेरिकाले आफ्नो सेनाको सुरक्षाका लागि मध्यपूर्वमा हवाई रक्षा प्रणालीहरू स्थानान्तरण गर्दै दुई विमानवाहकहरू महत्त्वपूर्ण दूरीमा राख्ने निर्णय गरेको छ ।

पूर्वसिआइए अधिकारीले अमेरिकी प्रशासनभित्र आन्तरिक राजनीतिक विभाजन र हस्तक्षेप समर्थक तथा विरोधी गुटहरूको अवस्थाबारे पनि टिप्पणी गरेका छन् । युद्ध विरोधी गुटमा जेडी भान्स र तुलसी गबार्ड छन् भने युद्ध समर्थक गुट मार्को रुबियोको नेतृत्वमा रहेको छ । यसैबीच, ट्रम्प प्रशासनले विगत १२ महिनामा सबै संयुक्त प्रमुखहरूलाई प्रतिस्थापन गरेर राजनीतिकरूपमा बफादार व्यक्तिहरूलाई बढावा दिएको उनले जानकारी दिए ।

हालैको सरकारी खुलासाहरू र युएफओसम्बन्धित कागजातहरूको प्रत्यासित सार्वजनिक घोषणालाई पनि सम्भावित विचलनका रूपमा हेरिएको छ । *रासस⁄एएनआई*


**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/१७ मा दर्ता भएको **प्रा.लि. नं. १८२७२४/०७४/०७५** को **एन. बी ढुवानी सेवा प्रा.लि.** को मिति २०८२/११/१० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**

**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०९/०९ मा दर्ता भएको **प्रा.लि. नं. ३५७८८८/०८१/०८२** को **एम फाइनेष्ट एजुकेशनल कन्सल्टेन्सी प्रा.लि.** को मिति २०८२/११/१० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४**

**ठेगाना :त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस Ali Overseas Pvt.ltd. इजाजत नम्बर ७२२/०६४/०६५ मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | नागरिकता.प्रमाण.प.नं. |
|---|---|
| मिना गुरूङ | २६१/६४४९९ |
| रमुना प्याकुरेल | २५-०१-७१-०३८४२ |
| बिपुल खत्री | ३९-०१-७८-०२७६१ |
| कमला खाती | ३९१०६६/९८४ |

ALI OVERSEAS PVT. LTD.

Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188

E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np

Govt. License 722/064/065

नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

**भेरी अस्पताल,नेपालगञ्ज**

**बोलपत्र सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/११/११ गते

यस अस्पतालका लागि चालु आ.व. ०८२/८३ मा तपशिल बमोजिमका मेडिकल औजार/उपकरणहरू आवश्यक भई सोको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता तथा व्यवसायीहरूले रितपुर्वकको तपसिलको शर्तहरू पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिदका लागि तपशिलमा उल्लेखित दस्तुर रकम राष्ट्रिय वाणिज्य बैंकमा रहेको कोष तथा लेखा नियन्त्रण कार्यालय (को. ले. नि.का) बाकेंको राजस्व खाता नं. १०००१००२०००१०००० (जम्मा गर्न पठाउने कार्यालयको नाममा भेरी अस्पताल र कार्यालय कोड नं. ३७०००५७०२ तथा राजस्व शीर्षक नं. १४२२९) मा जम्मा गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य विस्तृत जानकारी www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा जानकारी गराइन्छ ।

**तपशिल**

| सि.नं. | ठेक्का सूचना नं. | बिवरण | बोलपत्र जमानत | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र पेश गर्ने अन्तिम दिन | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|---|
| १ | BH/NCB/USG/10/082/83 | High End USG machine | २१५०००-/ | ३०००-/ | २०८२/१२/१० गते कार्यालय समय भित्र | २०८२/१२/११ गते, १२ बजे भित्र | २०८२/१२/११ गते,१ बजे |
| २ | BH/NCB/RFPSS/11/2082/083 | Radio Frequency Plasma Surgical System for Endoscopic Spine Surgery | १२५००० -/ | ३०००-/ | २०८२/१२/१० गते कार्यालय समय भित्र | २०८२/१२/११ गते, १२ बजे भित्र | २०८२/१२/११ गते,१ बजे |
| ३ | BH/NCB/IRW/12/2082/083 | Infant Radiant Warmer | १५००००-/ | ३०००-/ | २०८२/१२/१० गते कार्यालय समय भित्र | २०८२/१२/११ गते, १२ बजे भित्र | २०८२/१२/११ गते, १ बजे |

प्रमुख मेडिकल सुपरिटेन्डेण्ट

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३१०३०० | प्रति तोला - ० | प्रति तोला - ५४२५ |



**चैते धान** | नवलपरासी (बर्दघाट सुस्तापूर्व)को कावासोती नगरपालिका-१० मगरकोटमा किसानले रोपेको चैते धान । सिमसार क्षेत्र र सिँचाइको सुविधा पर्याप्त भएको जिल्लाका विभिन्न स्थानमा यतिखेर चैते धान लगाउन किसान व्यस्त रहेका छन् । *तस्बिरः रासस*

## गुल्मीमा हवाई उडान अब सातामा तीनपटक मात्र

**गुल्मी (प्रस)**– यहाँको रेसुंगा विमानस्थलमा अबदेखि सातामा तीनपटकमात्र हवाई उडान गरिने भएको छ । नेपाल वायु सेवा निगमले यसअघि गुल्मीमा बिहीबार हुँदै आएको हवाई उडानको तालिकामा परिवर्तन गरेको हो ।

नेपाल वायु निगमले यसअघि आइतबार, मंगलबार, बिहीबार र शनिबार गरी सातामा चारपटक उडान गर्दै आएको थियो । उडान तालिकामा परिवर्तन गरेसँगै अबदेखि आइतबार, मंगलबार र शनिबार गरी सातामा तीन पटकमात्र उडान हुने भएको रेसुंगा विमानस्थल गुल्मीका स्टेसन प्रमुख सुमन थापाले जानकारी दिए ।

नेपाल वायुसेवा निगमका हाल तीनमात्र ट्वीनअटर जहाज रहेको र उक्त जहाज समय-समयमा मर्मत गर्नुपर्ने भएका कारण जहाजको अभावमा केही समयका लागि निगमले यसअघिको नियमित तालिकामा परिवर्तन गरेको उनले बताए । वर्षात्को समय, खराब मौसम र बाक्लो हुस्सुका कारणबाहेक पछिल्लो तीन महिना रेसुंगा विमानस्थलमा नियमित रूपमा हवाई उडान हुँदै आइरहेको छ ।

रेसुंगा विमानस्थलमा नेपाल वायुसेवा निगमले १८ सिट क्षमताको ट्वीनअटर जहाजबाट काठमाडौंदेखि बिहान ६:३० बजे र रेसुंगा विमानस्थलदेखि बिहान ७:३० बजे उडान गर्दै आइरहेको छ । निगमले काठमाडौंबाट गुल्मीका लागि सात हजार ५०० र गुल्मीदेखि काठमाडौंका लागि सात हजार ३०० रूपैयाँ भाडादर निर्धारण गरेको छ । रेसुंगा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावाको चाप हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमामात्र उडान हुने गर्दछ ।

जिल्लामा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकहरूको संख्यामासमेत वृद्धि हुँदै गएको छ । १८ घण्टा लामो यात्रा गरेर राजधानी पुग्नुपर्ने बाध्यता रहेको यस क्षेत्रका नागरिकले आकाशमार्गबाट ४५ मिनेटमै सहजरूपमा गुल्मीबाट राजधानी आवतजावत गर्न सहज बनेको छ ।

जिल्लामा हवाई सेवा लिने नागरिकको चाप पछिल्लो समयमा बढ्दै गएको छ । तर यात्रुहरूको चाप बढे पनि उडान संख्या थोरै हुने र उडान तालिकामा परिवर्तन भइरहने भएका कारण यस क्षेत्रका नागरिक समस्यामा परेका छन् । जिल्लामा नेपाल वायुसेवा निगमले २०८० वैशाख २९ गतेदेखि व्यावसायिक हवाई उडान सेवा सुरुआत गरेको थियो ।

## नेप्से परिसूचक २७ अंकले घट्यो




**काठमाडौं (प्रस)**– साताको पहिलो कारोबार दिन सेयरबजार उच्च अंकले घटेको छ । आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७.५९ अंकले घटेर दुई हजार ६१४.५५ को बिन्दुमा कायम भएको हो ।

यस दिन ३२४ कम्पनीको एक करोड ५९ लाख ८९ हजार ४३० कित्ता सेयर ७२ हजार १०४ पटक खरिदबिक्री हुँदा छ अर्ब ६९ करोड ९७ लाख २१ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सबै समूहको उपसूचक आइतबार रातो देखिएको छ । बैंकिङ ०.५२, विकास बैंक १.४१, वित्त ०.५६, होटल तथा पर्यटन १.०९, जलविद्युत् १.८१, लगानी ०.९४ र जीवन बिमा ०.७३ प्रतिशतले घटेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन समूह १.०२, लघुवित्त ०.४८, म्युचुअल फण्ड ०.२२, निर्जीवन बिमा ०.४२, व्यापार ३.५९ र अन्य समूह ०.८५ प्रतिशतले घटेको छ । सलपा विकास बैंक लिमिटेडको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा बढी बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको सेयर मूल्य ८.९२ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आइतबार सबैभन्दा बढी आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको ६३ करोड ४२ लाख ४० हजार रूपैयाँबराबरको १७ लाख ८२ हजार ९०३ कित्ता सेयर किनबेच भएको छ ।

## भक्तपुरमा कजारिया रमेश टाइल्सको नयाँ शोरूम



**भक्तपुर (प्रस)**– कजारिया रमेश टाइल्स लिमिटेडले भक्तपुरको सल्लाघारीमा नयाँ शोरूम सञ्चालनमा ल्याएको छ । प्रिमियम र विश्वसनीय टाइल ब्राण्ड कजारियाले औपचारिक उद्घाटनसँगै यही फागुन ९ गतेदेखि सर्वसाधारणका लागि खुला गरेको हो ।

उक्त शोरूम पिएनएस ट्रेडर्स एण्ड सप्लायर्सले सञ्चालनमा ल्याएको जानकारी दिइएको छ । उद्घाटन समारोहमा कजारियाका प्रतिनिधिहरूकोउल्लेखनीयउपस्थिति रहेको थियो । 'भक्तपुर तथा आसपासका क्षेत्रका ग्राहकहरूलाई उच्चस्तरीय टाइल्स समाधान उपलब्ध गराउने नयाँ यात्राको सुरुआत गरिकोछ,' कम्पनीले भनेको छ ।

'हामी हाम्रो उत्कृष्ट टाइलहरूको दायरा ग्राहकहरूसम्म अझ नजिक पुऱ्याउँदै छौं । नेपालमा निर्माण तथा इन्टेरियर डिजाइन क्षेत्र तीव्र रूपमा विकसित भइरहेको छ, र हामी मजबुत, आकर्षक तथा अत्याधुनिक प्रविधियुक्त उत्पादनमार्फत यस विकासलाई थप सुदृढ गर्न उत्साहित छौं,' उद्घाटन समारोहमा कजारियाका प्रतिनिधिले भने । हाल कजारियाले नेपालभर १०० भन्दा बढी शोरूम सञ्जाल विस्तार गरिसकेको जानकारी दिएको छ ।

## पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउने नीति कार्यान्वयनको तयारीमा



■ प्रभाव संवाददाता

- पेट्रोलमा इथानोल मिश्रण गर्ने नीति शीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने सरकार तथा निजी क्षेत्रका प्रतिनिधिको जोड
- पेट्रोलमा इथानोल मिसाउने निर्णय लामो अध्ययन र छलफलपछि कार्यान्वयनको चरणमा पुगेको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाको भनाइ
- इथानोल उत्पादनका लागि उखुजस्ता कृषि उत्पादन बढ्ने, कृषि भूमिको उपयोग विस्तार हुने तथा आन्तरिक अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्ने विश्वास
- इथानोल मिश्रण कार्यक्रम कार्यान्वयन गर्दा मूल्य, गुणस्तर र बजार नियमन स्पष्ट हुनुपर्नेमा उपभोक्ताकर्मीको जोड

**काठमाडौं**– नेपालमा पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउने नीति शीघ्र कार्यान्वयनमा ल्याउने तयारी गरिएको छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आइतबार यहाँ आयोजना गरेको 'नेपालमा इथानोल मिश्रण नीतिः अवसर, चुनौती र कार्यान्वयनको रणनीति' विषयक कार्यक्रममा सरकार तथा निजी क्षेत्रका प्रतिनिधिले पेट्रोलमा इथानोल मिश्रण गर्ने नीति शीघ्र कार्यान्वयनमा ल्याउनुपर्ने जोड दिएका हुन् ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले पेट्रोलमा इथानोल मिसाउने निर्णय लामो अध्ययन र छलफलपछि कार्यान्वयनको चरणमा पुगेको बताए । इथानोल मिश्रणसम्बन्धी अध्ययन दुई दशकदेखि हुँदै आएको उल्लेख गर्दै उनले भने, 'यस विषयमा करिब २० वर्षदेखि अध्ययन र छलफल हुँदै आएको थियो । हालसम्म सबै अध्ययन भइसकेर पेट्रोलमा इथानोल मिसाउने आदेश-२०८२ स्वीकृत भइसकेको छ । उक्त नीति शीघ्र राजपत्रमा प्रकाशित भएर कार्यान्वयनमा आउने छ ।'

मन्त्री सिन्हाले पेट्रोलमा इथानोल मिसाउनु स्वच्छ ऊर्जातर्फको महत्त्वपूर्ण कदम भएको बताउँदै १० प्रतिशत इथानोल मिश्रण गर्दा नेपालबाट वार्षिक करिब छ अर्ब रूपैयाँबराबरको पेट्रोलियम आयात घटाउन सकिने दाबी गरे । यसबाट व्यापार घाटा कम गर्न सहयोग पुग्ने उनको भनाइ छ ।

मन्त्री सिन्हाले इथानोल उत्पादनका लागि उखुजस्ता कृषि उत्पादन बढ्ने, कृषि भूमिको उपयोग विस्तार हुने तथा आन्तरिक अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । नयाँ उद्योग स्थापना, औद्योगिक वातावरण, सुरक्षा, रोजगारी, कच्चापदार्थ उत्पादनलगायत क्षेत्रमा चुनौती भने रहेको उनले स्वीकार गरे । 'अवसरसँगै चुनौती पनि छन् । नगदेबाली केन्द्रित कृषि बढ्दा खाद्य सुरक्षामा असर पर्न सक्ने जोखिम पनि छ,' उनले भने ।

मन्त्री सिन्हाले यस क्षेत्रमा विदेशी लगानी आउने सम्भावना रहेको उल्लेख गर्दै प्रतिस्पर्धा आवश्यक भए पनि अस्वस्थ प्रतिस्पर्धा हुन नहुनेमा जोड दिए । इथानोललाई प्रतिस्पर्धी बनाउन पेट्रोलभन्दा इथानोलको मूल्य कम हुनुपर्ने र त्यसका लागि कार्यविधि चाँडै आउने पनि उनले जानकारी दिए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव गोविन्दबहादुर कार्कीले पेट्रोलमा इथानोल मिश्रणका लागि विगतमा धेरैवटा आयोग र सुझाव समिति बनेका उल्लेख गर्दै ती आयोग र समितिको सिफारिसमा इथानोल मिश्रणसम्बन्धी आदेश सरकारबाट आएको जानकारी दिए । सबै इन्धनको सकारात्मक र नकारात्मक पाटोलाई विश्लेषण गरेर अघि बढ्नुपर्ने बताउँदै सचिव कार्कीले पेट्रोलमा इथानोल मिश्रण मुलुकको हितमा रहेको धारणा राखे । प्रतिनिधिसभा निर्वाचनपछि बन्ने सरकारले पनि यो नीतिलाई निरन्तरता दिने उनले विश्वास व्यक्त गरे ।

नेपाल आयल निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले लामो समयदेखि तयारी गरिएको कार्यक्रम अब कार्यान्वयनको चरणमा पुगेको बताउँदै निर्णय कार्यान्वयनबाट पछि नहट्ने स्पष्ट पारे । उनले भने, '२० वर्षदेखि तयारी गरिएको कार्यक्रम अहिले लागू गर्न लागिएको हो । यो कार्यक्रम असफल हुन दिइने छैन ।'

कार्यकारी निर्देशक भट्टका अनुसार कार्यक्रम पूर्णकार्यान्वयनमा आउन एकदेखि डेढ वर्षसम्म लाग्न सक्छ । इथानोलको गुणस्तर मापदण्ड तय गर्नुपर्ने भएकाले त्यसको तयारी भइरहेको उनले बताए । 'मिश्रण गर्ने आदेशमात्रै पर्याप्त हुँदैन, गुणस्तरको मापदण्ड बनाउनु आवश्यक छ,' उनले भने ।

उद्योग मन्त्रालयका सहसचिव शिवराम पोखरेलले मन्त्रिपरिषद्ले गत पुसमा पेट्रोलमा १० प्रतिशत इथानोल मिसाउने निर्णय गरेको जानकारी दिँदै हालसम्म नेपालमा व्यावसायिकरूपमा इथानोल उत्पादन नभएको बताए । यद्यपि, यो आदेशले उत्पादनका लागि बाटो खोलिदिएको उनको भनाइ छ ।

सरकारले शीघ्र इथानोलको न्यूनतम मूल्य सिफारिस गर्ने, गुणस्तर निर्धारण गर्ने र उत्पादनका लागि बोलपत्र आह्वान गर्ने प्रक्रिया अघि बढाउने उनले जानकारी दिए । उनका अनुसार इथानोल मिश्रणसम्बन्धी आदेश राजपत्रमा प्रकाशित भएपछि मूल्य निर्धारण समिति गठन भई उत्पादन क्षमताका आधारमा कम्पनी छनोट गरिनेछ । 'यो नयाँ विषय भएकाले कार्यान्वयन गर्न समय लाग्छ, तर विभिन्न देशको अभ्यास अध्ययन गरेर अघि बढेका छौं,' उनले भने ।

निजी क्षेत्रका प्रतिनिधिले भने इथानोल उत्पादनका लागि कच्चापदार्थ पर्याप्त भए पनि उद्योग स्थापना गर्न सहज वातावरण आवश्यक रहेको बताएका छन् । किआन केमिकल एन्डस्ट्रिज लिमिटेडका अध्यक्ष वेदप्रसाद खरेलले लगानीकर्ताले प्रशासनिक झण्झट भोग्नुपरेको उल्लेख गर्दै सरकारी संयन्त्र सुदृढ गर्नुपर्नेमा जोड दिए ।

नेपाल चिनी उत्पादक संघका अध्यक्ष शशिकान्त अग्रवालले नेपालमा वार्षिक करिब दुई लाख ४० हजार मेट्रिकटन चिनी खपत हुने गरेकामा करिब दुई लाख मेट्रिकटनमात्रै आन्तरिक उत्पादन भइरहेको जानकारी दिए । दुई वर्षभित्र आत्मनिर्भर बन्न सकिने सम्भावना रहेको बताउँदै उनले इथानोल मिश्रणको निर्णय भए पनि कार्यविधि र कार्यान्वयन योजना स्पष्ट नभएको बताए ।

उपभोक्ता अधिकारकर्मी माधव तिमल्सिनाले इथानोल मिश्रण कार्यक्रम कार्यान्वयन गर्दा मूल्य, गुणस्तर र बजार नियमन स्पष्ट हुनुपर्नेमा जोड दिए । 'हामीलाई के चाहिने हो र अहिले भएका संयन्त्रले त्यसलाई सम्हाल्न सक्छन् कि सक्दैनन् भन्ने मूल्यांकन आवश्यक छ,' उनले भने । उनले इथानोलको मूल्य उतारचढाव, नियमन र अनुगमनका स्पष्ट व्यवस्था आवश्यक रहेको उल्लेख गर्दै गुणस्तरीय उत्पादन र प्रभावकारी बजार नियमन नभए आयात प्रतिस्थापनको लक्ष्य पूरा नहुने धारणा राखे । 'इथानोलको मूल्य, गुणस्तर र नापतौलको व्यवस्था स्पष्ट पारिनुपर्छ,' उनले भने ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ